## संक्षिप्त

# बौद्ध दर्शन

( विश्लेषणात्मक अध्ययन )

चतुर्थ विश्व बौद्ध सम्मेलन

काठमाडौं, नेपाल।

लेखकः—

प्रो. चूडानाथ भट्टराय

सर्वदर्शनाचार्य।

Downloaded from http://dhamma.digital

धर्मोदय ग्रन्थमाला— ३८

" नम तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स "

संक्षिप्त

# बौद्ध-दर्शन

( विश्लेषणात्मक अध्ययन )

२०१३
कार्तिक ३० गते
२५००

चतुर्थ विश्व बौद्ध सम्मेलन
काठमाडौं, नेपाल ।

लेखकः-
प्रो. चूडानाथ भट्टराई
सर्वदर्शनाचार्य ।

Downloaded from http://dhamma.digital

प्रकाशक—

धर्मोदय सभा

काठमाडौं, नेपाल।

प्रथमावृत्ति १०००

मुद्रक—

हिमालय प्रेस,

ॐबहाल टोल,

काठमाडौं, नेपाल।

Downloaded from http://dhamma.digital

# दुइ शब्द

बौध्द दर्शन २५०० वर्ष यता देखि अद्धितीय विषय भएर आएको छ । दर्शन गहन विषय हुनाको साथ साथै सर्ब साधारणको निमित्त पनि आवश्यक विषय हो ।

यस्तो गहन विषयलाई यो चतुर्थ विश्व बौध्द सम्मेलनको शुभ अवसरमा प्रोफेसर श्री चूडानाथज्यूले सरल र सुवोध भाषामा व्यक्त गरी 'संक्षिप्त बौध्द दर्शन' भन्ने पुस्तिका प्रकाशित गर्न लाग्नु भएकोमा धर्मोदय सभा उहाँलाई धन्यवाद प्रदान गर्द छ । साथ साथै यस पुस्तिकाले सर्बसाधारण जनतालाई बौद्ध दर्शनको ज्ञानोपार्जन गर्नमा केही न केही मद्त अवश्य गर्ने छ भन्ने पनि विश्वास गर्दछ ।

आशाराम शाक्य,

मंत्री

३० । ७ । २०१३

धर्मोदय सभा ।

Downloaded from http://dhamma.digital

# बौद्ध धर्म र दर्शन

यो खुशीको कुरा छ, आज सांप्रदायिक भावना खुकुलो भएको छ, विश्वमा एक भएर बस्नुछ, विश्वनै एक परिवार भएको छ। 'यत्रविश्वंभवत्येक नीड़म्' भन्ने महर्षिहरूको कल्पना साकार हुने समय देखापरेको छ। धार्मिक विचार मा स्वतन्त्रता छ, भन्ने व्यक्तिले हक हासिल गरेको छ। सांप्रदायिकताले देश, जाति लाई कमजोर गराउने बेला पनि वित्यो। 'वसुधैव कुटुम्बकम्' भन्ने हाम्रा आचार्यहरूको सिद्धान्तमा विश्वास नगरि नहुने परिस्थिति परिआएको छ। त्यसैले सह अस्तित्व जस्ता पवित्र भावनाले प्रेरणा पाए। अगि धार्मिक कलहले कोलाहल मच्चिएको पुरानो संसार संझदा र त्यो स्मृतिले घच्चच्याउँदा आज पनि मानवता रोमाञ्चित हुन्छ। कति देश बरबाद भए, अमूल्य वस्तु कति खरानी भए, कति भूमि रक्तरञ्जित भए। यी सबैको कल्पना गर्दा पनि हामीलाई मानवताको भूलमाथि पश्चात्ताप हुन्छ। भविष्यलाई यही गएको भूल नदोहरिएमा मानवताको लागि बडो मूल्यवान् वरदान हुने छ।

मनुष्य सामाजिक प्राणी भएकोले उसले धर्मको रूपमा कर्तव्य र अधिकारको व्याख्या गर्‍यो। उपनिषद् भन्दछ— "अबलीयान् बलियांसंभाशांसते धर्मेण" अर्थात् बलियोलाई पनि निर्धोले धर्मबाट नै दबाउँछ। धर्मको व्यवस्था नमिले समाज विशृङ्खल हुने भय भएकोले जन्मदेखि मरण तकको

Downloaded from http://dhamma.digital

नियम गरि धार्मिक व्यवस्था कायम गरे। धर्मशास्त्र त्यसबेलाको विधान भन्दा कुनै सन्देहलिनु पर्दैन। अंशवण्डा, जग्गा मुद्दा, कम्पनी कानून आदि व्यवहाराध्यायमा उल्लेखित पाउँछौं। आर्षवचनमा विभिन्नता समयको आवश्यक परिवर्तनको सूचक छ। व्यासले भने— " धर्मादर्थश्च कामश्च "। पछिका महात्माहरू धर्मलाई त्यही रूप दिन अगिसरे। यसरी दर्शनलाई सिद्धान्त रूपमा र धर्मलाई व्यवहारिक रूपमा मान्दछौं।

देशकाल परिस्थिति अनुसार धर्मले क्षेत्र हेरि विकसित रूपलिन्छ। अगिको परिपाटिमा क्रान्तिकारी परिवर्तन देखापरे पछि हडबडाउने हृदय उकुस मुकुसिन्छ। आखिएर, समाजको भावना रोकिदैन। स्वार्थको रक्षा मात्रै संझने व्यक्ति असफल हुन्छ। रोक्ता रोक्तै पनि गतिशील समाज अगि बढ्छ। त्यो मुकावला गर्ने विश्वासमा कति यातना र वेदनाको मोलम्वा लागेको छ। त्यो खुकेर नग्न सत्य हेर्ने चेष्टा वृथा गराउना मै कल्याण इतिहास संझन्छ। हुनपनि " हिरण्मयेन पात्रेण सत्यस्यापिहित मुखम् " यो सत्यकुरा नै हो। परन्तु हतकेलाले सूर्य छोपेर सत्यको अपलाप गर्नु यो वैज्ञानिक युगमा नसुहाउने मात्र होइन असम्भव पनि भएको छ। वैज्ञानिक प्रणाली संसारले स्वीकारेपछि विश्ववंद्य भगवान् बुद्धको महिमा झन् बढेको छ।

**महात्माबुद्ध**– हाम्रा सिद्धार्थ गौतमको जन्म वि. पू. ५०६ सा भएको हो। उनको जन्मले संसार नै पवित्र गराको, तथापि स्पर्शले पहिलो स्थान पाउने जन्मभूमि भयो नेपाल.

Downloaded from http://dhamma.digital

को लुम्बिनी । यिनका बुवा शुद्धोदन शाक्य गणतन्त्र संस्थाका सदस्य हुँदा राजा भनिएका हुन् । सिद्धार्थ की मुमा मायादेवी माइत जाँदा लुम्बिनीमा सिद्धार्थलाई पैदागरी ७ दिनपछि स्वर्ग सिधारीन् । गौतमको पालन पोषण सौतिनी आमा प्रजापती गौतमीबाट भयो । तारुण्य मै उद्विग्न रहेका छोरालाई देखेर बावुको मन आत्तियो । उनले कोलीगणकी सुन्दरी कन्या भद्रा कापिलायनी ( यशोधरा ) सित छोराको वैवाहिक संबन्ध जोडिदिए । सिद्धार्थले छोरो यशोधरा द्वारा पाए । उनले छोराको नाम राहुल राखे । बृद्ध, रोगी, मृत र प्रवजितलाई देखेर संसारमा उठेको विरक्ति परिपक्व भयो । उनन्नतीस वर्षको आयुमा राजप्रासाद छाडि महाभि-निष्क्रमण गरे ।

बीज स्वरूपमा रहेका भावनाहरू तरुणावस्थामै मजवूत हुन्छन् त्यसैले नेतृत्वगर्ने शक्ति युवावस्थामै आउँछ भन्ने धारणाको पुष्टि हुन्छ । हाम्रा दार्शनिकहरू प्रायः युवक नै देखिन्छन् । नचिकेता, शुकदेव, बुद्ध, ईशा, शङ्कराचार्य, महम्मदहरूले सामाजिक क्रान्ति ल्याए । बृद्धावस्थामा यौवनको अनुभव परिपक्व मात्रै हुन्छ । संसार परिपक्व अनुभवबाट विशेष लाभ पाउँछ । त्यहाँ उद्वेग र आँधि शान्त भइ सक्तछ भनी बृद्धलाई संमान गर्दछन् । वास्तविक संसार तरूणकै हुन्छ बृद्धहरू भने मार्ग दर्शक बन्दछन् भन्ने मेरो धारणा छ ।

सौगत दर्शन शाक्यमुनि भन्दा अगिका काश्यप, कनकमुनि प्रभृति तथागतहरुले पनि प्रवर्तित थियो भन्ने बौद्ध मतावलम्बी-हरूको धारणा छ । यस दर्शनको असत् वाद लाई पैल्याउने

Downloaded from http://dhamma.digital

हरू " तद्धैत आहु रसदेव सोम्यअग्र आसीत् " यस उपनिषद्‌को महावाक्यलाई औंल्याउँछन् । असद् वाद्‌लाई पूर्णता हामीले बौद्ध दर्शन मै अध्ययन गर्दा पाउँछौं । प्रक्षीण प्रायः भएको बौद्ध धर्मलाई भगवान् शाक्यमुनिले उद्धार गरेको भन्ने बौद्ध मार्गीहरूको आफ्नो मत छ । बुद्धको जन्म, बोधि प्राप्ति र निर्वाण बैशाख शुक्ल पूर्णिमाका दिन हो भन्ने निश्चित प्रायः छ तापनि चीनियाहरूको ऐक मत्य भने भईसकेको छैन । यता बौद्ध जयन्ती भनी धर्म शास्त्रका निवन्धकारहरूले लेखे– " आश्विन शुक्ल दशम्यां सायं बुद्धोऽभूत् " । यही अनुसार दशैंको दशमीका दिन हाम्रो पात्रोमा बुद्ध जयन्ती लेखि आएकै छ ।

बुद्धले बोधगयामा ६ वर्ष सम्म शरीर शोषण गरे पछि अतिघोर तपस्याले जीवन लीला समाप्त हुने भय भयो । हृत्तन्त्रीलाई धेरै कसने खुकुल्याउने गर्दा आनन्दको झङ्कार नसुनिने ठाने । यही यिनको मध्यम मार्ग हो । ' अति सर्वत्र वर्जयेत् ' यो सिद्धान्तले उनको हृदयमा ठूलो प्रभाव पर्‍यो । पुरानो सिद्धान्त थियो–

" युक्ताहार विहारस्य युक्त चेष्टस्य कर्मसु ।
युक्तस्वप्नावबोधस्य योगो भवति दुःखहा ॥ "

त्यसको दृढी करण भयो । मज्झिम निकायमा खुद आफैंले तपस्याको बारेमा यसो भनेका छन् । —

" मेरो शरीर ( दुर्वलता ) को चरम सीमामा पुगेको थियो । जस्तो असी वर्षको ( पुरुष ) को हुन्छ । त्यस्तै मेरा अङ्ग प्रत्यङ्ग भएका थिए । ··· ··· ··· मैले यस तपस्याबाट चरम ' ' ' दर्शन ' ' ' पाइन ( त्यस पछि ) विचार ( आयो )

Downloaded from http://dhamma.digital

बोधि ( = ज्ञान ) को निम्ति के दोस्रो मार्ग छ ? . . . फेरि मैले स्थूल आहार—दाल भात—ग्रहण गर्न लागें। पाँचै भिक्षुहरु उदासीन भएर मलाई छाडि हिंडे। ” . . . ”

यस पछि आर्य सत्य—दुःख, दुःख हेतु, दुःख निरोध र दुःख निरोध मार्ग पैल्याए। ३६ वर्षको उमेरमा सिद्धार्थलाई बोधि प्राप्ति भयो अनि उनि बुद्ध बने। ४५ वर्ष तक आफ्नो धर्मको उपदेश दिएर ८० वर्षको उमेरमा वि. पू ५२६ मा कुसीनारा ( कसया; जि. गोरखपुर ) मा निर्वाण प्राप्त गरे। बुद्धको ४४ वर्षका तीन महिना वर्षाकाल छाडेर विचरणमै वित्यो। बुद्धको विचरण स्थान प्रायः सारा उत्तर प्रदेश र सारा विहार तकनै सीमित थियो। यस देखि वाहिर उनी कहिले पनि गएनन्। ४४ वर्षात निम्नलिखित स्थानमा वित्यो।

स्थान–

( लुम्बिनीमा जन्म–बोधगयामा बुद्धत्व ) १ ऋृषिपत्तन, २–४ राजगृह, ५ वैशाली, ६ मंकुल पर्वत ७ त्रयस्त्रिंश ( ? ) ८ सुसुमार गिरि, ( चुनार ), ९ कौशाम्वी, १० पारिलेयक (मिर्जापुर), ११ नाला (विहार), १२ वैरंजा ( कन्नौज मथुराको बीच ), १४ श्रावस्ती ( गोंडा ) १५ कपिलवस्तु, १६ अलवी ( अरवल ) १७ राजगृह, १८ चालिय पर्वत, १९ चालिय पर्वत, २० राजगृह २१–४५ श्रावस्ती र ४६ वैशाली, कुसीनारा निर्वाण ५२६ वि. प.।

संप्रदायको रूपमा आएपछि यो धर्मको र आचारको व्याख्या धेरै विद्वानहरूबाट भयो। पछिका विद्वान्ले बुद्धधर्म मा यही सार फेला पारे–

Downloaded from http://dhamma.digital

**बुद्धधर्म—**

ये धर्मा हेतु प्रभवा हेतुंस्तेषां तथागतो ह्यवदत् ।
तेषांच यो निरोध एवं वादी महा श्रमणः ॥

यहाँ धर्म आजको साइन्स ( विज्ञान ) को अर्थमा प्रयोग गरिएको छ । बुद्धले विचार स्वातन्त्र्यमा जोड दिएर धर्मलाई पनि प्रजातान्त्रिक ढङ्गमा ढाले । धार्मिक निर्णय समेत प्रजातान्त्रिक प्रणालीमा हुन्थ्यो । बुद्धको विचार निचोरिंदा तप्केका चारथोपाले भावनात्मक रूप लिंदा चार सिद्धान्त विन्दु बन्दछन् । ती हुन्–क्षणिकं क्षणिकम्, दुःखं दुःखम्, स्वलक्षणं स्वलक्षणम्, शून्यं शून्यम् ।

चार आर्य सत्यमा दुःखको व्याख्यागर्दा पञ्चस्कन्ध नै दुःख बन्दछ—

ती पञ्चस्कन्ध हुन्—

रूप, विज्ञान, वेदना, संज्ञा र संस्कार ।

(अ) रूप—सविषयक इन्द्रियहरू रूपस्कन्ध हुन् ।

(आ) विज्ञान-आलय विज्ञान प्रवृत्ति विज्ञान प्रवाहलाई विज्ञानस्कन्ध भन्दछन् । अहंम् इत्याकारक आलय विज्ञान र इदम् इत्याकारक प्रवृत्ति विज्ञान हुन् । आलय विज्ञानको प्रवाहात्मक संतान नै आत्मा र प्रवृत्ति विज्ञान नै विषयाकारले परिणत भए पछि रूपस्कन्ध हुन्छ ।

(इ) वेदना—विज्ञानस्कन्ध र रूपस्कन्धको संबन्धबाट हुने सुख दुःखनै वेदनास्कन्ध हुन्छ ।

(ई) संज्ञा—घटादिनाम संज्ञास्कन्ध हो । घटादिमा रुपांश चांहि भौतिक नामांश अभौतिक चैत्त पदार्थ नै हो ।

Downloaded from http://dhamma.digital

( उ ) संस्कार—राग द्वेषादि क्लेश र उपक्लेश मदमानादि र धर्माधर्म चैत्त पदार्थ संस्कारस्कन्ध हो ।

यसरी पञ्चस्कन्धको व्याख्या हामी सायण माधवले गरेको पाउँछौं । यसंको अर्को रूप तत्वसंग्रहको प्रस्तावनामा प्रस्तुत गरिएको छ ! क्रम पनि यसरी राखिएको छ ।

रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान ।

( अ ) रूपस्कन्ध—एघार थरिका छन् ती यी हुन्—चक्षु, श्रोत्र, घ्राण, जिह्वा, काय, रूप, शब्द, गन्ध, रस, स्पर्श र अविज्ञप्ति । अविज्ञप्ति दुइ छन् वाचिकाविज्ञप्ति र कायिकाविज्ञप्ति । कर्म विभाग प्रकरणमा विभाग गरिएकाले यो अविज्ञप्ति ( थहा नपाइने ) भनेको पुण्यापुण्य हुनुपर्छ ।

(आ) वेदनास्कन्ध—सुख, दुःख र उपेक्षा ।

( इ ) संज्ञास्कन्ध—नीलत्वादि वस्तु विशेषको परिच्छेद, नीलोऽयम् इत्यादि सविकल्प प्रत्यक्ष ।

( ई ) संस्कारस्कन्ध—चित्त संप्रयुक्त र चित्तविप्रयुक्तको भेदले दुइ थरिका छन् । पहिलो रागद्वेष मानमात्सर्य, दोस्रो जाति जरा मरणादि ।

( उ ) विज्ञानस्कन्ध—चक्षुर्विज्ञान, श्रोत्रविज्ञान, घ्राणविज्ञान जिह्वाविज्ञान, कायविज्ञान र मनोविज्ञानका भेदले छ थरिका छन् । विज्ञान, मन, चित्त भन्नु यहाँ एकै तत्व हुन्छ ।

यही पञ्चस्कन्धको व्याख्या श्री राहुल सांकृत्यायनले निम्न-

Downloaded from http://dhamma.digital

लिखित तरिकाले गरेकोछ। उनको क्रममा पनि विज्ञानलाई पछि पारेको छ।

रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान।

( अ ) रूप—चार महाभूत पृथ्वी, जल, वायु, अग्नि यी रूप उपादानस्कन्ध हुन्।

(आ) वेदना— हामी भन्ने वस्तुया उसको विचारको संपर्कमा आउँदा जुन सुख दुःख या सुख दुःखाभावको रूपमा अनुभव गरिन्छ। यसलाई वेदनास्कन्ध भनिन्छ।

( इ ) संज्ञा— वेदनाको पछि हाम्रो मस्तिष्कमा पहिले देखि अङ्कित संस्कार द्वारा जुन हामी जान्दछौं 'यो उही देवदत्त हो' यसलाई संज्ञास्कन्ध भन्दछन्।

( ई ) संस्कार— रूप वेदना औ संज्ञाको जो संस्कार मस्तिष्कमा परिरहन्छ औ जसको सहायताबाट हामीले 'यो उही देवदत्त हो' भन्ने थहापायौं यसलाई संस्कार स्कन्ध भन्दछन्।

( उ ) विज्ञान— चेतन या मनलाई विज्ञान भनिन्छ।

( क ) यी पाँच स्कन्ध जब व्यक्तिको तृष्णाको विषय बनेर नजिक आएमा यिनलाई उपादान स्कन्ध भन्दछन्। बुद्धले यिनै पाँच उपादान स्कन्धलाई दुःख रूपभने। यही चार, आर्य सत्य मध्ये एक आर्यसत्य हो।

( ख ) दुःखहेतु— अनन्तछन् तापनि मुख्य तृष्णा नै हो, या अविद्या त्यही हो। यसलाई नै प्रमुखता मज्झिम-निकायमा दिएको छ तापनि प्रमुख दुःख निदान द्वादश

Downloaded from http://dhamma.digital

१२ छन्। ती यी हुन् —

| | |
|---|---|
| १ जरामरण | ६ वेदना |
| २ जाति | ७ स्पर्श |
| ३ भव | ८ षडायतन |
| ४ आसक्ति | ९ नाम रूप |
| ५ तृष्णा | १० संस्कार |
| | ११ अविद्या इत्यादि |

( ग ) दुःख निरोध ( विनाश ) तृष्णा अथवा अविद्याको अत्यन्त निरोध भए पछि कारण नाश हुँदा कार्य उपादान-हरूपनि नष्ट हुन्छन्। तृष्णाको नाशबाट उपादान निरोध हुन्छ। उपादान हटे पछि भव ( लोक ) को निरोध हुन्छ, त्यसको निरोध भएपछि जन्म निरोध हुन्छ। अनि जन्मबाट जन्मने जरा मरणादि विनाश हुन्छन्। बुद्धको सारा धर्मको केन्द्रबिन्दुनै दुःखनिरोध भन्दामा अत्युक्ति हुँदैन।

( घ ) दुःखनिरोध मार्ग आठ छ। जुनलाई अष्टाङ्ग मार्ग भनी भन्दछन्। ती यी हुन्।

१ सम्यग्दृष्टि– दुःख, दुःखहेतु औ दुःख निरोध मार्गको यथार्थ दर्शन।

२ सम्यक् संकल्प– विषय वैमुख्यमा र परहिताधानादिमा संकल्प।

३ सम्यग् वाक्- झूठो, छुल्याइ, कटु वाक्य रहित सुमधुर वाणी।

४ सम्यक्कर्मान्त- हिंसा, अदत्तादान, काम, मिथ्याचार रहित कर्म।

Downloaded from http://dhamma.digital

५ सम्यगाजीव- अर्काको अभिद्रोह नगरी जीवन।

६ सम्यग्व्यवसाय- विहिताधान र प्रतिषिद्ध वर्जनमा दृढ अध्यवसाय।

७ सम्यक्स्मृति- मनमा खराब कुरा नखेली असल कुरा मात्र उब्जनु।

८ सम्यक् समाधि- चित्त संप्रतिरोध समाधि। कामादि वितर्कले अकम्पन भइ एकाग्रता पादन।

यी अष्टांङ्गिक मार्गलाई प्रज्ञा ( = ज्ञान ) शील र समाधिमा विभाजन गरेर तीनरूपमा प्रस्तुत गर्दा यस्तो हुन्छ।

| | |
|---|---|
| ( क ) प्रज्ञा ( = ज्ञान ) | सम्यक् दृष्टि<br>सम्यग् सकल्प |
| ( ख ) शील | सम्यग् वाक्<br>सम्यक्कर्मान्त<br>सम्यगाजोव |
| ( ग ) समाधि | सम्यग्व्यवसाय<br>सम्यक् स्मृति<br>सम्यक् समाधि |

यसरी अष्टाङ्गिक दुःखनिरोध मार्ग प्रज्ञा ( = ज्ञान ) शील र समाधिमा अन्तर्गत गर्न सकिन्छ।

बुद्ध धर्मको तत्व तीन रूपमा विभक्तछन—

Downloaded from http://dhamma.digital

( १ ) स्कन्ध—पाँच छन् रूप, वेदना, संज्ञा, संस्कार औ विज्ञान।

( २ ) आयतन बाह्र छन् ६ इन्द्रिय त्यसका विषय ६ जस्तै—चक्षु, श्रोत्र, घ्राण, जिह्वा, त्वक्, मन, रूप, शब्द, गंध, रस, स्पर्श, र धर्म ( वेदना संज्ञा संस्कार )

३ धातु अठाह्र छन् ६ इन्द्रिय, ६ विषय, र ६ इन्द्रिय विषय संपर्कजन्य विज्ञान जस्तै चक्षुर्विज्ञान, श्रोत्र विज्ञान, घ्राण विज्ञान, जिह्वा विज्ञान, त्वग् विज्ञान, मनो विज्ञान।

४ बौद्धहरूको दश भूमि छन् ती यी हुन्—
प्रमुदिता, विमला, प्रभाकरी, अर्चिष्मती, सुदुर्जया, अभिमुखी, दुरङ्गमा, चला, साधुमती र धर्म मेघा; बोधिसत्वावस्था सम्म हुन्। बुद्ध भाव प्राप्ति भएमा ता यो भन्दा माथिल्लो अवस्थामा रहन्छ।

५ भिक्षु चर्या निर्वेद र निर्वाणका निम्ति अनावश्यक संझेर मालुङ्क्य पुत्तको प्रश्नलाई दश अव्याकृत भनी उत्तरदिने सार्थकता बुद्धले देखेनन्। बुद्धको दश अव्याकृत लोक ( दुनिया ) जीव र शरीरको एकता र निर्वाण पछिको अवस्था कै विषयमा उठेका हुन भन्ने यिनलाइ तीन भागमा बाँढ्डा स्पष्ट हुन्छ। जस्तै—

( क ) लोक
- १ के लोक नित्य छ ?
- २ के लोक अनित्य छ ?
- ३ के लोक अन्त हुनेछ ?
- ४ के लोक अनन्त छ ?

Downloaded from http://dhamma.digital

| | |
|---|---|
| ( ख ) जीव शरीरको एकता | ५ के जीव औ शरीर एक हो ?<br>६ के जीव भिन्दै शरीर भिन्दै हो ? |
| ( ग ) निर्वाणपछि को अवस्था | ७ के मरन पछि मुक्त हुन्छ ?<br>८ के मरण पछि मुक्त हुँदन ?<br>९ के मरण पछि मुक्त हुँदैन या नहुने हुँदैन ?<br>१० के मरण पछि मुक्त हुँदैन या नहुने हुँदैन ? |

६ मार चार छन् ती हुन् स्कन्धमार, क्लेशमार, देवपुत्रमार र मृत्युमार। बुद्धपदलाई प्रतिहति गर्नेलाई मार भन्दछन्।

संसार दुःखःमय छ त्यसवाट कसरी त्राण पाउने यस भावनामा सबै दार्शनिकको ऐकमत्य छ। सायण माधवले त्यसै कुरालाई भने "सर्वस्य संसारस्य दुःखात्मकत्वं सर्व तीर्थंकर संमतम्। अन्यथा तन्निवि वृत्सूनां तन्नि वृत्युपाये प्रवृत्यनुपपत्तेः" अर्थात् सबै संसार दुःखात्मक छ भन्ने सबै दार्शनिकको सहमत छ अन्यथा त्यसवाट हट्न चाहने तिनिहरूको त्यसवाट निवृत्ति हुने उपायमा प्रवृत्ति नै अनुपपत्ति हुन्थ्यो। हामी बौद्धको सारा धार्मिक र दार्शनिक विचार सिद्धान्तहरू अकस्मात् उनैवाट पहिलो निस्केको भन्न सक्तैनौं। तथापि उनैले जसलाई परिपुष्टि दिए त्यसको महत्व बुद्धलाई दिनु पर्ने सम्म हुन्छ। "माहिंस्यात् सर्वाभूतानि" "मा माहिंसीः" इत्यादि वेद-वाक्यले पनि अहिंसात्मक सिद्धान्तको प्रतिपादन गरेको छ। अझ बुद्धलाई पनि मात गर्ने अहिंसावाद जैनमा हामी

Downloaded from http://dhamma.digital

पाउँछौं। यसरी आचार वाद रहेको भए पनि बौद्धको दार्शनिक प्रक्रियाको सूत्रपात उही वेलादेखि नै पाइन्छ । उपनिषद् भित्र विचार स्वातन्त्र्य, अनात्मवाद, असद्वादहरू फेला पर्दछन् तर विजय आत्मवादले नै पायो । यहाँ बुद्धदर्शनमा भने आत्मवादलाई तिरस्कार गरेको भनेको अलग आत्मा पञ्चस्कन्धदेखि नमानेको सम्म हो भनि बुझ्नु पर्छ ।

बौद्ध दर्शनका यहि महत्व पूर्ण सिद्धान्तलाई हामीले निफनेर केलाउँदा निम्नलिखित कुराहरू फेला पर्दछन्। बुद्धको माहात्म्य, उनको उत्कृष्टता यसमै छ—

१ क्षणिकवाद, अर्थात् 'क्षणिकं क्षणिकम्' यस सिद्धान्तलाई बुद्धले यसरूपमा माने कि प्रथम क्षणको वस्तु द्वितीय क्षणमा समूल विनाश हुन्छ कार्यकारणको अविच्छिन्न सन्तति रहँदैन । धर्मकीर्तिले अझ स्पष्ट गरे र भने "सत्तामात्रानुवन्धित्वा नाशस्य" अनुमान गर्दा उनै भन्दछन् "यत् सन तत्सर्वमनित्यं यथा घटादिः" हुनत संसारलाई स्थायी कुनैपनि दार्शनिक मान्दैनन्। घटनित्य भन्ने कसैको पनि पक्ष छैन। सांख्यले पनि भने 'प्रतिक्षणं परिणामिनोहिभावाः' अर्थात् प्रतिक्षणं पदार्थहरू परिणामी छन्। नैयायिकहरू प्रथमक्षणमा उत्पत्ति मानेर तृतीय क्षणमा नाश मान्दछन्। तर बुद्धको क्षणिकवाद विलक्षणको छ एकको विलकुलनाश अर्कोको विलकुल नयाँ उत्पाद हुन्छ।

२ प्रतीत्यसमुत्पाद— बुद्धको सारा दर्शनको आधार शिला हो। यद्यपि कार्यकारणलाई निरन्तर शृङ्खलित रहने भन्ने बुद्धको सिध्दान्त छैन। तथापि 'अस्मिन् सति इदं भवति'

Downloaded from http://dhamma.digital

यसलाई मान्यता दिएको छ। एक विनाश भए पछि दोस्रोको उत्पत्ति नियमलाई बुद्धले प्रतीत्यसमुत्पाद माने अरू आचार्यले 'क्षणभङ्गुरश्च प्रतीत्यसमुत्पादः' भनी भनेको छ यस विषयमा विश्लेषण गरि तल लेख्नेछु। किनभने यही बुझेपछि बुद्धदर्शन बुझिन्छ भन्ने स्वयं बुद्धको मत छ।

३ अनात्मवाद—आत्मा अजर अमर भन्ने जुन सिद्धान्त उपनिषद्मा प्रतिपादित थियो त्यसलाई क्षणिकवादीले नमान्नु एउटा स्वाभाविक कुरानै हो। तर उनले पञ्चस्कन्ध स्वरूपन आत्मा माने, त्यस अतिरिक्त आत्मा नमानेका हुन्। बुद्धले आत्माको बारेमा 'अयं भिक्खवे! केवलं परिपूरो बालधम्मो' भनी भनेका छन् धर्मकीर्तिले भने 'बौध्देनोक्तं नास्त्यात्मेति'। तर अनात्मवादी बौद्धले पुनर्जन्म मानेका छन् त्यसको उपपत्ति-लाई बडो विमर्श गर्नु परेको छ। जे गरे पनि सिध्दान्त र प्रयोगमा सामञ्जस्य आएको छैन। यस बारेमा पछि लेख्नेछु।

४ अनीश्वरवाद—बुद्धले ईश्वरवादमा अधिक व्याख्या-गरेका छैनन्। विश्वको स्रष्टालाई प्रतीत्यसमुत्पादको सिध्दा-न्तले रहन दिँदैन अनि 'नेश्वरो जन्मिनांहेतुः' भन्ने स्वतः आउँछ। अनि उल्याएर धर्मकीर्तिले 'कस्यचित् कर्तृवादः' भन्ने मौकापाए। अनिश्वरवादी सांख्यले पनि सृष्टि स्थिति प्रलयकालागि ईश्वर कारण मानेनन्। मीमांसकले पनि ईश्वरको भिन्नै अस्तित्व स्वीकारेनन्। अनीश्वरवादी यिनिहरू पनि हुन् तर बुद्धको अनीश्वरवाद विचार स्वातन्त्र्यलाई लिएर उब्जेको छ र वेदप्रामाण्यता स्वीकार्दैन। ईश्वरवाद निराकरणका साथै सर्वज्ञताको निराकरण हुन्छ। वत्सगोत्रले 'श्रमण गौतम सर्वज्ञ सर्वदर्शी छन् भन्दछन् के यो कुरा भन्ने यथार्थ भन्दछन्'

Downloaded from http://dhamma.digital

भनी सोद्धा बुद्धले भने 'जो मलाई यसो भन्दछन् ती मेरा बारेमा यथार्थ भन्दैनन् ती मेरो निन्दा गर्दछन्' भनी भनेका छन्। अर्को ठाउँमा—" यस्तो श्रमण ब्राह्मण छैन जो एक बाजिनै सब जान्दछ, सब देख्तछ " भनी महात्मा बुद्धले भनेकाछन्। यी कुरा भुसक्क बिर्सेर शान्तिरक्षितले बुद्धलाई सर्वज्ञ सिद्धगरे 'सर्वज्ञत्वमतः सिध्दं सर्वावरण मुक्तितः' फेरि उनै ईश्वरमा सर्वज्ञत्वको खण्डन गर्दछन् जस्तै- कर्तृत्व प्रतिषेधाच्च सर्वज्ञत्वं निराकृतम् "। यसरो परस्पर बिरोधि वचन एकै ग्रन्थमा पाउछौं। यो निरपेक्ष दार्शनिकले भन्ने कुरा होइन भन्ने लाग्दछ।

बुद्ध दशनको मूल अनित्य, अनात्म र प्रतीत्यसमुत्पादनै हुँदा अनीश्वरवाद पनि त्यसभित्रनै पर्दछ तथापि यहाँ उल्लेख गरियो। अभौतिकवाद, विचार स्वातन्त्र्य, सर्वज्ञत्वनिराकरण, दश अव्याकृत र निर्वाणलाई भिन्दै सैद्धान्तिक मौलिकता दिनु पर्ने जस्तो लाग्दैन। यिनको निर्वाण वत्ति निभ्नु तुल्य हो। यस्को उपमामा महाकवि अश्वघोषले भने— 'दीपो यथा निर्वृतिमभ्युपेतो नैवावनिंगच्छति नान्तरिक्षम्' महात्मा बुद्धले आफ्ना उपदेश पाली र मागधी भाषामानै दिएका थिए। त्यसपछि उनका शिक्षाहरू बौद्ध भिक्षुहरूका तीन सभामा एकत्रित गरियो। यी सभा राजगृह वैशाली औ पाटलीपुत्रमा क्रमशः अजातशत्रु, कालाशोक र अशोकको संरक्षणमा भएका थिए। पहिलो वि. पू. ४३३ मा दोस्रो वि. पू ३३३ मा र तेस्रो १६८ वि. पू. मा भएको भन्ने इतिहासकारहरूको भनाइ छ। जो भिक्षु प्रथम सभामा उपस्थित थिए ती थेरा भनिन थाले। वैशालीका द्वितीय सभाको निर्णयबाट दशहजार भिक्षु

Downloaded from http://dhamma.digital

थेरावादको केही नियम उल्लङ्घन गरेबापत थेरासंघबाट पृथक् गरिए। यी धर्मगुरु महासांघिक भनिन्थे। मूल बौद्ध धर्म बाट पृथक् हुने पहिलो संप्रदाय यही हो। यसपछि बुद्ध निर्वाण का २०० वर्ष भित्रै थप १६ संप्रदाय चल्यो ती यी हुन्—

३ गोकुलिका, ४ एक व्वोहारिक ५ पण्णति ६ बाहुलिक, ७ चेतिय ८ संवत्थि ६ धम्म गुत्तिक, १० कस्सपीय ११ संकतिक १२ सुत्त १३ हिमवत १४ राजगिरिय १५ सिद्धत्थिक १७ पुब्वसेलिय १७ अपरसेलिय १८ वजिरिय

विक्रम संवत् ५७ मा अर्थात् ईस्वीको आरम्भमा भारत माथि कुसान तुरुष्क अथवा सीथियनहरूको आक्रमण भयो तिनको नेता एकको नाम थियो कनिष्क। उनले बुद्ध धर्म स्वीकारे, अनि त्यसपछि एक नयाँ संप्रदाय महायान भन्ने स्थापित भयो। पाली त्रिपिटकमा वर्णित प्राचीन संप्रदाय हीनयानको नामले पुकारिन थाल्यो। वसु मित्रको निरीक्षणमा ५०० बौद्ध भिक्षुको सभा वस्यो। त्यसपछि नै पाली भाषा मागधी भाषालाई छाडेर संस्कृतभाषा बौद्ध वाङ्मयको भाषा वन्यो। दार्शनिकहरू आफ्नो राम्ररी भावव्यक्त त्यही भाषामा गर्नपाए। हुनत कनिष्क भन्दा अगि पनि संस्कृतमा केही बौद्ध ग्रन्थको रचना भएथ्यो तथापि उनको समय देखि लगातार असंख्य बौद्धग्रन्थ संस्कृतमा रचिनथाले। कनिष्ककै समयमा चार समुदायमा निम्नलिखित अठाह्र संप्रदाय सैद्धान्तिक रूपबाट अन्तर्निहित भए।

Downloaded from http://dhamma.digital

| | |
|---|---|
| ( क ) आर्य सर्वास्तिवाद | |
| १ मूलसर्वास्तिवाद | |
| २ काश्यपीय | |
| ३ महीशासक | |
| ४ धर्मगुप्तीय | |
| ५ बहु श्रुतीय | वैभाषिक दर्शनानुयायी |
| ६ ताम्रशाटीय | |
| ७ विभज्य वादिन् | |
| ( ख ) आर्य संमतीय | |
| ८ कुरू कुल्लक | |
| ९ आवन्तिक | |
| १० वात्सीपुत्रीय | |
| ( ग ) आर्य महासांघिक | |
| ११ पूर्व शैल | |
| १२ अपर शैल | |
| १३ हैमवत | सौत्रान्तिक संप्रदायानुयायी |
| १४ लोकोत्तर वादिन् | |
| १५ प्रज्ञप्ति वादिन् | |
| ( घ ) आर्य स्थविर | |
| १६ महाविहार | |
| १७ जैतवनीय औ– | |
| १८ अभयगिरि वासिन् | |

उपर्युक्त सबै संप्रदाय हीनयानकै हुन्। पछि महायानमा पनि मिल्न आएकाछन्। कनिष्क द्वारा संस्थापित महायानको

Downloaded from http://dhamma.digital

दार्शनिक पृष्ठभूमि माध्यमिक र योगाचारमा निर्भर रहन्छ। यसरी बौद्धदर्शन ४ चार भागमा चारस्तम्भमैं देखिन्छन्। तो यी हुन्—

( १ ) वैभाषिक, ( २ ) सौत्रान्तिक ( ३ ) योगाचार ( ४ ) माध्यमिक। यहाँ यिनका आफ्ना मौलिक विभिन्नतालाई दर्शाउनु अप्रा संङ्गिक नहोला भन्ने संम्फेर संक्षिप्तमा उद्धृत गर्दछु।

( १ ) वैभाषिक संप्रदाय—

सर्वास्तिवाद संप्रदायलाई नै पछिकाले वैभाषिक भनेका हुन्। संसारको आन्तरिक र बाह्य दुवै वास्तविकतालाई यिनिहरूले स्वीकारेका छन्। हाम्रो ज्ञान र ज्ञेय दुइटै वास्तविक हुन् भन्ने यसको मौलिकता भने हुन्छ। यसैले यिनका पक्षमा नै स्कन्ध, आयतन र धातुले व्यवस्थित रूपलिन सक्तछ। यदि बाह्य पदार्थ वास्तव नभए दुःखका उपादान कारणकै अस्तित्व रहँदैन। यस संप्रदायको मुख्य ग्रन्थ अभिधर्म ज्ञानप्रस्थान शास्त्रहो। यसको दोस्रो ग्रन्थ अभिधर्म महाविभाषा शास्त्र, या विभाषा, कनिष्कको सभामा बनाइएको थियो। विभाषाको अर्थ हुन्छ टीका, बुद्धको मूल वाक्यमा भन्दा टीकामा निर्भर रहनेहुँदा यसलाई वैभाषिक नाम प्राप्तभयो। सायण माधवले भने "सेयं विरूद्धा भाषेति वर्णयन्तः वैभाषिकाख्यया ख्याताः" भन्ने अर्थ गरेका पनि छन्। यस संप्रदायमा संघभद्र ज्यादै प्रकाण्ड विद्वान् भए। यिनको "न्यायानुसार शास्त्र" बड़ो विद्वतापूर्ण ग्रन्थ छ —

( २ ) सौत्रान्तिक संप्रदाय—

Downloaded from http://dhamma.digital

यो संप्रदाय अस्तित्ववादी भएर पनि बाह्य विषयक सत्तालाई अनुमान द्वारा नै स्वीकारदछ। क्षणिकत्वको यसै पक्षले प्रतिपादनमा सैद्धान्तिकत लई प्रयोगात्मक रूप दियो। देख्नु भन्दा अगि, सुन्नु भन्दा अगि, जब वस्तु क्षणिक भएकाले विनाश हुन्छन अनि त्यसलाई अनुमान् द्वारा मात्रै थियो भन्ने प्रतिपादन गर्नु पर्दछ। यसको यही अंशमा मौलिकता छ र वैभाषिकको भन्दा भिन्नता पनि छ। यस संप्रदायको दार्शनिक सिद्धान्तलाई धर्मोत्तरले कनिष्ककै समयमा काश्मीरमा वनाएका हुन्। यस संप्रदायमा तक्षशिलाका प्रसिद्ध आचार्य कुमारलब्धले धेरै अमूल्य ग्रन्थ लेखे। सौत्रान्तिक संप्रदायका महान् टीकाकार श्री लब्य अत्यन्त प्रसिद्ध अध्यापक थिए। श्री लब्ध रहने अयोध्याको 'संघाराम' को खंडहर हेर्न 'हुएन साँग' गएका थिए भन्ने इतिहासकार हरू भन्दछन्। सौत्रान्तिक शब्द सूत्रान्त शब्दबाट वन्दछ। सम्भवतः टीकाको अपेक्षा मूलमै विश्वास गर्नाले सौत्रान्तिक भनिएका होलान्। यसमा सायण माधवले लेखे– सूत्रस्यान्तं पृष्टवन्त सौत्रान्तिका भवन्तुन्त्विति।

( ३ ) योगाचार संप्रदाय—

योगाचारलाई नै विज्ञानवादी पनि भन्दछन्, यिनिहरू वाह्यपदार्थ वास्तविक होइन। विज्ञान चाहिं निषेध गर्न सकिन्न भनी भन्दछन्। विज्ञानवादीको संग्रहात्मक श्लोक यही भने हुन्छ—

"द्वे सत्ये समुपाश्रित्य बुद्धानां धर्मदेशना।
वाह्योऽर्थः सांवृतं सत्यं चित्तमेकमसांवृतम्॥"
यदन्तर्ज्ञेय तत्त्वं तद्वहिर्वदवभासते।

Downloaded from http://dhamma.digital

अर्थात् वाह्य सबै वस्तु काल्पनिक हुन् अन्तर्ज्ञेय तत्त्व वाहिर जस्तो भान भएको हो । चित्त अर्थात् विज्ञान चाहिं असांवृत अकाल्पनिक हो । किन भने नीलवस्तु र नीलबुद्धिको सहोपलम्भ नियम छ । यिनिहरू अभेदाकारले नै भान हुन्छन् । भेद खालि भ्रान्ति मात्र हो । विज्ञान नै अनादि वासना वशात् अनेकाकार रूपले अवभास हुन्छ, यसमा अनादि अविच्छिन्न प्रवाह हुने भेद वासना नै निमित्त मानिएको छ यसै भावको धर्मकीर्तिको कारिका छ—

सहोपलम्भ नियमाद्भेदोनीलतद्धियोः ।
भेदश्च भ्रान्ति विज्ञानाद् दृश्यतेन्दाविवाद्वये ॥

यिनकै मतया आलय प्रवृत्ति विज्ञान दुइ विज्ञान हुन्छन् । तिनको व्याख्या अगि गरिसकिएकोले यहाँ कारिका सम्म उल्लेख गरे पुग्छ जस्तो लाग्छ—

'तत्स्यादालय विज्ञानं यद्भवेदहमास्पदम् ।
तत्स्यात्प्रवृत्ति विज्ञानं यन्नीलादिक मुल्लिखेत् ॥'

योगाचार शब्दमा दुइ शब्द छन् योग र आचार, यसको व्याख्या सायणले गर्दा यसो भने—"अप्राप्तस्य अर्थस्य प्राप्तये पर्यनु योगो योगः गुरूक्तस्यार्थस्याङ्गीकरणमाचारः" कथमिति पर्यनुयोगात् योगाचार प्रथा" यसमे कसैको मत छ भूमि प्राप्ति ( बौद्धपर्णता श्रेणी ) को असाधारण कारण केवल योगलाई नै मानेकाले यी योगाचार नामका भएका हुन् । यहाँ विज्ञान-वादीको आलय विज्ञान आत्मा समान नै भने हुन्छ । यो शाङ्कर मायावाद कै सांनिध्यमा छ भन्ने धेरै छन् तर नित्य आत्मा मान्ने, अद्वैतवादी र ईश्वरवादमा विश्वास गर्ने शङ्करा-

Downloaded from http://dhamma.digital

चार्यको अनीश्वरवादी, अनात्मवादि र अनित्यवादी बुद्धसित सिद्धान्त मिल्दैन। यस संप्रदायको विषयमा " विज्ञानं ब्रम्ह " भन्ने उपनिषद्को वाक्यसित सामञ्जस्यको नातो जोडिन्छ तर संस्थापकको भने पत्तो पाइँदैन। तिब्बत र चीनका पुस्तकमा लंकावतार सूत्र, महासमय सूत्र, बोधिसत्व चर्या निर्देश औ सप्तदश भूमि शास्त्र देख्ता यसको प्राचीनतामा संदेह रहँदैन। मैत्रेयनाथ आर्य असंग प्रारम्भिक अध्यापक थिए। वि. सं. २४३ तिर लंकावतार सूत्र बनेको संभावना छ।

४ माध्यमिक संप्रदाय—

सर्व शून्यवादी माध्यमिकहरू 'स्कन्धायतनधातु' यी वास्तविक होइनन्। केवल सांवृत मात्रै हुन्। अर्थात केवल माया कल्पित भेद व्यवहार मात्रै हुन् भनी भन्दछन्। प्रतीत्य-समुत्पाद पनि अतत्व दृष्टि बाटै मात्र प्रतीति हुन्छ, वास्तविक त्यो पनि शून्यनै हो। तत्ववित्हरू कर्ता–कर्म, गन्ता–गम्य, हेतु–कार्य र द्रष्टा–दृश्य परस्पर सापेक्षतामात्रले प्रसिद्धि पाउँछन् वास्तविक सबै भाव निःस्वभाव छन्। यहीं " शून्यं शून्यम् " ले पूर्णता पाउँछ। प्रज्ञापारमितामा त्यसैले भनेको छ—

" नरूप मेव शून्यम्, शून्यतैव रूपम्। वेदनैव शून्या, शून्यतैव वेदना। संज्ञैव शून्या शून्यतैव संज्ञा। संस्कारा एव तु शून्याः शून्यतैवतु संस्काराः। विज्ञान मेवतु शून्यम्, शून्यतैव विज्ञानम् "। उनीहरूको चरम सिद्धान्त यही हो—

'नसन्नासन्न सदसन्नचाप्यनुभयात्मकम्।
चतुकोटि विनिर्मुक्तं तत्वंमाध्यमिका जगुः॥'

Downloaded from http://dhamma.digital

हाम्रो विज्ञान औ विषयी भूत बाह्यपदार्थ नता पूर्णरूपेण वास्तविक छन्। नत पूर्ण रूपेण काल्पनिक नै हुन्। दुइ नै अन्त (छेउ) छोडेकाले यिनीहरू माध्यमिक भएकाहुन्। मध्यम शब्दबाट माध्यमिक बन्दछ, मध्यम भनी बीचलाई भनिन्छ। अर्थात् यी नत सर्वास्तित्ववादीनै हुन् नत सर्वास्तित्वको निषेधै गर्दछन्। संसारलाई एक वैकल्पिक सत्ता स्वीकार्दछन् भनी माध्यमिक संप्रदायको यस्तो अर्थ गर्ने कुनै पक्ष छ। यसको पूर्वरूप "खंब्रह्म" भन्ने उपनिषद्को वाक्यमा पाइन्छ तर यसका संस्थापक नागार्जुन भन्दा अगि प्रज्ञापारमितामा सिद्धान्त पाइन्छ। नागार्जुनले माध्यमिक कारिका लेखे। राम्रो बुझाउने गरी उपमा यस्तो माध्य. वृ. मा लेखिन्छ

"यथैवगन्धर्वपुरं मरीचिका यथैवमाया सुपिनं यथैव।

स्वभाव शून्यातु निमित्त भावना तथोपमान् जानत सर्व धर्मान्॥"

माध्यमिक संप्रदायका प्रचारक आठ दिग्गज यी हुन् आर्य नागार्जुन, २ स्थविर बुद्धपालित, ३ चन्द्रकीर्ति ४ देवशर्मा ५ गुणश्री ६ गुणमति ७ स्थिरमति औ ८ भव्य। सायणले माध्यमिकको नामार्थ गर्दा— "गुरुकस्याङ्गीकरणा दुत्तमाः पर्यनुयोगस्याकरणादधमाश्च अतस्तेषां माध्यमिका इतिप्रसिद्धिः।

बौद्ध दर्शन कुनिपर पनि दार्शनिकहरूमा योगाचार संप्रदाय मै देखापर्छ। उपर्युक्त चार दार्शनिक प्रस्थानका साथै आफ्नो सिद्धान्त संरक्षण गर्न बौद्ध शास्त्रमा न्याय पनि आवश्यक पर्न आयो। किनभनि 'मानाधीना मेयसिद्धिः' अर्थात् प्रमाण द्वारानै प्रमेय ठिकछन् भन्ने सार्वजनीन सिद्धान्तको

Downloaded from http://dhamma.digital

अपलाप गर्न सकिन्न। स्वमत मण्डन परमत खण्डन गर्नु नै न्यायको आफ्नो क्षेत्रहुन्छ। अक्षपाद पछि बौद्धन्यायमा केही न्यायात्मक भावना आउँछ। पाँचौ शताब्दी तक बौद्ध न्यायमा क्रमबद्ध ग्रन्थ पाइँदैनन। महर्षि अक्षपादको सिद्धान्तको समालोचना आर्य नागार्जुनले 'विग्रह व्यावर्तनी कारिका'मा गरेको छतापनि दिग्नागलाईनै आधुनिक बौद्धन्यायको जनक भन्ने विद्वान्हरूको धारणाछ। जसले प्रमाण समुच्चय, न्यायप्रवेश र प्रमाण समुच्चय वृत्ति आदि ग्रन्थ निर्माणगरे। त्यसपछि बौद्ध न्यायका प्रकाण्ड पण्डित धर्मकीर्तिमा गएर बौद्धन्यायले पूर्णता लियो। धर्मकीर्तिले प्रमाण शास्त्रमाथि नौ ग्रन्थलेखे- प्रमाण वार्तिक, प्रमाण वार्तिकवृत्ति, प्रमाण विनिश्चय, प्रमाण विनिश्चय वृत्ति, न्यायविन्दु, हेतुविन्दु, संबन्धपरीक्षा, वाद न्याय र सन्तान्तरसिद्धि।

बौद्ध न्यायको विषयमा केही जीज्ञासाकोनिम्ति कुरा कोट्याइदिनु सम्म यहाँ मेरो ध्येयछ। संस्कृत नपढी बौद्धदर्शनको अध्ययन नै अपूरो, अधुरो हुन्छ भन्ने मेरो आफ्नो धारणा छ। जुन विषयमा संस्कृत वाङ्मय एक राशिग्रन्थ प्रस्तुत गर्छ। अस्तु प्रमाण यही एक विहङ्गमदृष्टि दिउँ।

सम्यग् ज्ञान द्वारा सर्व पुरुषार्थ सिद्धिहुन्छ भन्नेत सबैलाई विदितनैछ। त्यसैले बौद्धले प्रमाण दुइ माने। हुँनत प्रमाण एक देखि लिएर नौओटा मान्ने सम्म पनि छन्। यिनका मतमा प्रत्यक्ष र अनुमान दुइ प्रमाण छ। वैशेषिक पनि प्रत्यक्ष र अनुमान दुइ नै प्रमाण मान्दछन् तर यिनका परस्परमा लक्षणको विभिन्नता छ।

Downloaded from http://dhamma.digital

कल्पनारहित निर्भ्रान्त ज्ञान प्रत्यक्ष कहिन्छ ।

प्रत्यक्ष ज्ञान चार प्रकारका छन्- ती यी हुन् १ इन्द्रिय-ज्ञान २ मनोविज्ञान ३ आत्मसंवेदेन ४ योगि प्रत्यक्ष ।

१ चारैतिरबाट ध्यान हटाएर निश्चलचित्तका साथ स्थित (पुरुष) रूपलाई देख्तछ यही इन्द्रिय प्रत्यक्ष ज्ञानहो ।

२ चक्षुरादि इन्द्रिय द्वारा जुन विषयको विज्ञान भएको छ त्यसैको अनन्तर प्रत्यय बनी जो मनोविज्ञान उत्पन्नहुन्छ त्यही मानस प्रत्यक्ष हो ।

३ चक्षुरिन्द्रियबाट गृहीत रूपको ज्ञान मनबाट गृहीत रूप–विज्ञानको ज्ञानपछि रूप आदि अर्थका प्रति आफ्नो भित्र जो रागद्वेषादिको संवेदन हुन्छ त्यही कल्पनारहित ज्ञान स्वसंवेदन प्रत्यक्ष हो ।

४ अज्ञात प्रकाशक अविसंवादी योगद्वारा हुने ज्ञान योगि प्रत्यक्ष हो ।

प्रत्यक्षको विषय स्वलक्षण मात्रै हुन्छ । स्वलक्षण भनेको जुन विषयको समीपता असमीपता द्वारा ज्ञानको प्रति भासमा भेदहुन्छ त्यही स्वलक्षणहो त्यहीपरमार्थ सत् हो किन भने त्यही वस्तुमा अर्थक्रियाकारित्व रहन्छ ।

अनुमान प्रमाण—

कुनै संबंधीको धर्मबाट धर्मीकाविषयमा जुन ज्ञान हुन्छ त्यही अनुमान भनिन्छ । अनुमान दुइ छन् स्वार्थानुमान र परार्थानुमान ।

१ आफ्नै लागि हेतु आदि बाट प्रमेय ज्ञान गर्नु स्वार्थानुमान ।

२ अर्कालाई बुझाउन हेतु आदि प्रयोग गरी प्रमेयज्ञान

Downloaded from http://dhamma.digital

गराउनु परार्थानुमान भनिन्छ । यी पनि साधर्म्यबत र बैधर्म्मवत् दुइ थरिका छन्।

३ लिङ्ग ( हेतु ) तीन छन् अनुपलब्धि, स्वभाव औ कार्य।

४ साधन जस्ता नभएका तर झुकेर त्यस्तै संझिई प्रयोग गरिने अथवा झुक्याउन प्रयोग गरिनेलाई साधनाभा सया हेत्वाभास भन्दछन् ती तिनौटा छन् १ असिद्ध, २ विरूद्ध र ३ अनैकान्तिक। सिद्धनभएकोलाई असिद्ध, विरुद्धहुने कुरा विरूद्ध एक टुङ्गोमानपुग्ने अनैकान्तिक हुन् ।

५ नभएको दोष प्रकट गरी फत्तु रलाउनुलाई दूषणाभास भन्दछन्।

यसको राम्ररी व्याख्या ग्रन्थान्तर वाट बुझ्नुपर्छ यो त खालि सारमात्रै दर्शाएको छु। न्यायलाई त यहाँ जान वुझ्नै गरी कोर्ल्याइदिएको छ। यो गहन अध्येतव्य विषय छ वुद्धदर्शनको पूर्णतालाई अरू ग्रन्थान्तर हेर्ने प्रार्थना गर्दै यही संक्षेपमा यति मात्र लेखेको भनि भन्दछु।

Downloaded from http://dhamma.digital

# बौद्ध धर्मको विश्लेषणात्मक एक अध्ययन

पच्चिशसय वर्ष अगि यो पृथ्वीमा त्यो महामानवको जन्म भयो जसले मनुष्यजाति आफ्नो मानवताको निम्ति गर्व गर्न-पाउँछ। दश बलले विश्वलाई विजय गरी जो विश्ववन्द्य भगवान् भयो। जसलाई पाएर यी पृथ्वी वसुमती भईन्। एशिया गौरव-शाली छ। नेपाल शान्तिदूतको उत्पादक भयो ! विश्वगुरुत्व नेपालले पाएकोमा नेपाली आफूलाई भाग्यवान सम्झन्छन्। अतीतकाल यस देशको गौरवले परिपूर्णछ। वैदिक समयमा विश्वामित्र राजर्षिबाट ब्रह्मर्षि बने। गायत्री मन्त्रद्रष्टा महर्षिलाई नेपालले प्रादुर्भाव गराएको थियो। औपनिषद् कालमा मिथि-लाका प्राङ्गणमा जनक याज्ञवल्क्यले ब्रम्हविमर्श गरे। पुलहाश्रम यही छ। शालीग्राम प्रतीकवादको प्रवर्तक यही पुण्यभूमि मा पर्छ। संसार अन्धकारमा छँदा ज्ञान ज्योति यहीं बल्यो। गौरवमय यसको महत्वलाई विश्वमा विश्ववन्द्य महात्मा बुद्धले झन् उचाले। उनको महाभिनिष्क्रमण व्यक्तिको स्वार्थसिद्धिको साधना भएन। मानव मात्रको दुःख द्वारको निरोध थियो। एशियालीहरू नेपाललाई महात्मा बुद्ध जन्मेको देश भनेर चिन्दथिए। जस्तो केही वर्ष अगि महाप्राण तेनजिङ जन्मेको देश भनेर विश्वभ्रमण गर्न जाने हाम्रा साथीहरूले नेपालको परिचय दिएका थिए। आज त यस नेपाल राष्ट्रसंघको सदस्य-बनी सार्वभौमता अक्षुण्ण राख्तछ। रूस र अमेरिका, ब्रिटेन र फ्रान्स, बर्मा र जापान, चीन र भारतमा समानताको आधारमा मैत्री कायम गरी विश्व प्रसिद्ध भएको छ। प्रजातन्त्र पछि यसरी सार्वभौमता व्यापक भएर गएको छ। यो चतुर्थ

Downloaded from http://dhamma.digital

विश्व बौद्ध सम्मेलनले त यसको विश्वका कुनाकुनासम्म नाम प्रसार गर्ने भयो । यो पवित्र भूमिलाई संसारले नतमस्तक भई दर्शन गर्ने सुअवसर पनि पायो ।

विश्ववन्द्य भगवान बुद्धको जन्मभूमिमा भेला भएर मानवताको स्मरणराखी पवित्र ध्येय लिएर आतङ्क र कोलाहलले सन्त्रस्त भएको मानव मात्रको त्राणको प्रतिज्ञा गरौं । यहीं वाट सल्केको ज्ञानज्योतिले मानवहृदयलाई आलोक दिएको थियो । विश्वभ्रातृत्वको संदेश यहींका शान्तिदूतले प्रसार गरेका थिए। मूल दियो जगाएको वेदीमा आज सबै एकत्रित भएको यो महापर्वको ठूलो ऐतिहासिक महत्व छ । विश्वका एक मात्र प्रतीक, बुद्धको वाणीनै आजको ब्रम्हाण्डको समस्या समाधान गर्ने साधना छ । विश्वशान्ति आजको जगत्को माग छ । उनकै अमर संदेशले विश्वको कल्याण छ । झन हामी एशियालीहरूको भरखर सुरुभएको नवजागर्तिमा प्रेरणा र आलोक थपिन्छ ।

दार्शनिक पृष्ठ भूमिमै राजनीति आफ्नो आकार लिन-सक्तछ । कति आजका राजनीतिहरू दर्शनका सिद्धान्तलाई प्रयोगात्मक रूप दिन चलिरहेछन् । दार्शनिक भावना सारा संसारको दुःख खोतलेर कारण पत्तो लगाउन चल्छ त्यो कारण-लाई समूल उखल्ने चेष्टा रहन्छ राजनीतिको । यसैले यस दुइको परस्परमा सामञ्जस्य नरहुन्जेल संसार भयभीतनै हुने भयो । यस सिद्धान्तका अनुसार बौद्धदर्शन प्रजातन्त्रको परिपोषक मात्र नभई आधार शिलानै बन्दछ । बुद्धले धर्मको स्वरूपलाई समेत संवात्मक पद्धतिमा परिवर्तन गरे । उनी आफ्नो आचार विचार दुवैमा प्रजातान्त्रिक तत्वकै समावेश गर्दछन् । तर ती विचार बुद्धले आफ्नो निजी मस्तिष्कवाट झिकेको नभए पनि

Downloaded from http://dhamma.digital

प्रयोगात्मक रूप त उनैले दिएका भनी मान्नै पर्छ। जस्तो—

बुध्दको पञ्चशील, आजको राजनीतिको मुख्य चर्चाको विषय जस्तोछ। त्यसकै म यहाँ विश्लेषण गर्छु। त्यो अप्रासंगिक जस्तो पनि लाग्दैन। बुझि नबुझि मानिसहरू पञ्चशील पञ्चशील भन्दछन्। भारतले आफ्नो राजनीतिमा अहिले आविष्कार गरेको पञ्चशीलको स्वरूप यो हो १ परस्परको स्वाधीनताको प्रति श्रध्दा औ सहानुभूति, २ प्रत्येक जातिको राज्यक्षेत्र औ उसको अप्रतिहत शासनको अव्याहत भावबाट रक्षागर्नु, ३ कुनै जातिले कुनै दोस्रो जातिको भित्री बाहिरी शासन औ नीतिमा हस्तक्षेप नगर्नु ४ एक जातिले दोस्रो जातिमा आक्रमण नगर्नु औ ५ साराजाती एकले अर्कोको मङ्गल गर्न चेष्टित हुन्छ औ शान्तिपूर्ण सह अस्तित्वको नीतिको पालन गर्छ। यो पञ्चशीलको पृष्ठभूमि बुध्द धर्मको पञ्चशील भनी भारतीय राजनैतिकहरू व्याख्या गर्छन्। बुद्धको पञ्चशील यी हुन् १ प्राणिहत्या नगर्नु, २ अदत्तादान अर्थात् नचोरनु, ३ ब्रम्हचर्य पालनगर्नु, ४ असत्य नबोल्नु औ ५ मादक वस्तुको सेवन नगर्नु। के यसको र त्यसको समन्वय हुन्छ भने यी कुरा हामी वेद उपनिषद्मा पाउँदैनौं ? औपनिषद् पञ्चशील पनि त छ १ माहिंस्यात् सर्व्वा भूतानि २ मागृधकस्य चिध्दनम्, ३ यदिच्छन्तो ब्रम्हचर्य चरन्ति, ४ सत्यंवद र ५ अन्नभयंहि सौम्य मनः। वास्तविक विचार गर्ने हो भने उपनिषद्को वाक्यार्थसितै बुध्दको पञ्चशीलको वाक्यार्थ मिल्छ। आजको पञ्चशील सित सायद ! तात्पर्य पनि मिल्छ मिल्दैन बुद्धलाई नै सोधे उनै भन्न अकमकाउने छन्। यसरी विचारदा हामी राजनीति कस्तो घुमाउरो बाटोबाट दर्शनलाई अँगालो हाल्न पुग्दोरहेछ भन्ने कुरा प्रति-

Downloaded from http://dhamma.digital

पादन गर्न सक्छौं ।

यदि यस्तै किसिमवाट हेर्ने हो भने सारा दर्शनको पृष्ठभूमि बेद र उपनिषद् बाहेक केही हुन आउँदैन । बौद्धले पञ्चस्कन्ध भनी आत्माको अनित्यता प्रतिपादन गरे । उनको पञ्चस्कन्धमा रूप, वेदना, संज्ञा, संस्कार र विज्ञानको परिगण न भयो। शून्यवादको प्रतिपादन भयो। अनीश्वरवादको स्थापना गरियो। प्रतीत्यसमुत्पादलाई प्रमाणित गरियो । त्यसको पृष्ठभूमिमा हामी उपनिषद्को धेरै वाक्य पाउँछौं जस्तो त्रयो धर्मस्कन्धाः, असदेवेद मग्रे, खं ब्रम्ह, इत्यादि इत्यादि वाक्यहरू छन् ता पनि बौद्ध धर्मको त्यसरी मूल्याङ्कन कमगर्न पाइंदैन। बौद्ध धर्म तर्कको आधारवाट क्रान्तिकारी परिवर्तन चाहन्थ्यो । जति ब्राम्हणहरू तार्किक थिए तिनिहरूनै वौध्द वनेर यस दर्शनको ठूलो गौरव कायम गर्न ग्रन्थ निर्माण गरि संस्कृतको महत्वनै उचालेका छन्। यो कत्ति नबुझी ब्राम्हणहरूवाट बौध्द धर्म नाशगरियो भन्ने अजान व्वक्तिहरू देखेर मलाई खेद र ग्लानि लाग्छ साथै तिनिहरू माथि माया पनि। तुलाको सामुमा तत्वलाई राख्नु सम्म आफ्नो कर्तव्य संझन्छु। संतुलना बुध्दिजीबीवर्ग गर्ने छ। मेरो यसो भन्ने तात्पर्य भनी अझ स्पष्ट गर्नु पर्ला जस्तो मलाइ लाग्दैन।

बौध्द धर्मको सारा सिध्दान्तको यदि कुनै एक स्थलमा संकलन गरी व्यक्त गर्ने शब्द छ भने त्यो हो 'प्रतीत्यसमुत्पाद"। प्रतीत्यसमुत्पादनै बुद्धको सारा दर्शनको आधार शिला मान्नु-पर्छ। यही मौलिकता यसको मान्नु पर्छ। त्यसैले प्रतित्यसमु-त्पादको व्याख्यालाई यहाँ नदर्शाए यो प्रबन्धमा चाहिने कुरै

Downloaded from http://dhamma.digital

छुटे जस्तो हुनजाला भनी मलाइ लाग्छ र यो विचार कोट्याउनुपऱ्यो। कार्यकारण भाव संबन्ध विना आकस्मिक घटना हुनै हुँदैन। जहाँ अकस्मिकताछ त्यहाँ कार्यकारण भाव संबन्ध हामीले थहासम्म नपाएको हो। त्यहाँ गडेर हेरे अवश्य कार्यकारण भावरहन्छ रहन्छ। यो सारा दार्शनिकको मत प्रायः जसो एक स्थलमै केन्द्रित हुन्छ। त्यसैले तत् सत्वे तत् सत्ता तदभावे तदभावेः न्यायले भन्यो यसकै व्याख्या बौद्धले गरे 'अस्मिन् सति इदं भवति' यति भएर पनि पुराना शब्दबाट बुद्धले चिताए जति अर्थ पाएनन् र 'प्रतीत्यसमुत्पाद' शब्द बनाएर व्याख्या गर्नु परेको छ।

प्रत्यय औ हेतु पर्याय भएपनि यहाँ बुद्धले प्रत्ययबाट उत्पादको अर्थ गरे एउटा वितेर नष्ट भएर भएपछि दोस्रोको उत्पत्ति बुद्धको प्रत्यय यस्तो हेतु छ जुन वस्तु या घटनाको उत्पन्न हुने पहिलो क्षण सदा लुप्त हुने देखिन्छ। छोटकरीमा भन्ने हो भने एउटाको विनाश भएपछि दोस्रोको उत्पत्ति यही नियमलाई बुद्धले प्रतीत्य-समुत्पादको नाम दिएकाहुन्। 'क्षणिकवाद' यही सारांशमा यसले प्रतिपादन गर्छ त्यसैले क्षणिक विज्ञानवादी असंगले क्षणिकवाद शब्दबाट प्रतित्यसमुत्पादलाई स्वीकारेका छन्। प्रतीगमन गरी प्रत्यय अर्थात् गतिशील अत्यय (विनाश) का साथ उत्पत्ति प्रतीत्यसमुत्पाद हो। अर्थात् "प्रतिक्षणंच नव लक्षणानि प्रवर्तन्ते क्षणभङ्गुरश्च प्रतीत्यसमुत्पादः" यो भन्दा अझ प्रतीत्य समुत्पादको विच्छिन्न प्रवाहलाई अंगालेर शून्य-वाद विकसित गर्दा नागार्जुनले मङ्गलाचरणमा "यः शून्यतां प्रतीत्यसमुत्पादम्" भन्दै बुद्धलाई नमस्कार गरे। यसै गरी पछिका धर्मकीर्ति जस्ता दार्शनिक, जसलाई डाक्टर श्चेर्वास्की

Downloaded from http://dhamma.digital

भारतीकान्त भन्दछन् । उनले पनि यसैको आधारमा प्रमाण वार्तिकमा क्षणिकवादको सिद्धान्त कायम गर्न "सत्ता मात्रानु बन्धित्वान्नाशस्य" भनी भनेका छन्। बौद्ध धर्मको प्राणभूत तत्त्व यही प्रतीत्यसमुत्पादनै हुँदा "जो प्रतीत्य समुत्पादलाई देख्तछ त्यो धर्म ( बुद्ध दर्शन ) देख्तछ, जो धर्मलाई देख्तछ त्यो प्रतीत्यसमुत्पादलाई देख्तछ" भन्ने भावको मज्झिमनिकाय १।३।८ मा बुद्ध वचन पाउँछौं।

यसैको आधारमा अनीश्वरवाद, अनात्मवाद र निर्वाण जस्ता सिद्धान्त जन्मन्छन। जबसारा "क्षणिकं क्षणिकम्" बने अनि स्थायी ईश्वर स्थायी आत्मा त्यसै घाममा हिउँ पग्लेर गएझैं विलाउने भए। बत्ती झप्प निभेझै निभ्नु नै निर्वाण भयो। निभेको बत्तीको उपमा दिएर मुक्तिको व्यवस्था माने। अकथ-नीयवाद विचार-स्वातन्त्र्य तार्किक दर्शनको मूल आधार मान्दा पनि हामी 'प्रतीत्यसमुत्पाद' कै वरदान पाउँछौं। यही यसको क्रान्ति हो। विचारको स्वातन्त्र्य हा भन्ने मेरो बिश्वास छ।

फेरि बौद्ध धर्मले अर्को आफ्नो सिद्धान्तले जनमनलाई आकर्षित गऱ्यो उसले "चत्वारि आर्य सत्यानि" मा दुःख, दुःखसमुदाय, दुःख निरोध तथा दुःख निरोध मार्ग पत्ता लगाउने दावी गऱ्यो। समाज दुःखले त्यसवेला त्राहि त्राहि मा थियो। त्यसैले समाजको सर्वात्मना झुकाउ त्यस तर्फ हुनु आवश्यकनै हुने भयो। बुद्ध धर्मको उन्नतिले विश्वलाई धर्म विजय द्वारा सद्भावनामा सहयोग दियो। उन्नतिका करणहरूमा बुद्धिजीवीलाई मनपर्ने तर्कै आधारमा यो रह्यो, दोस्रो आचरणमा बड्ता जोड़ दिइयो, तेस्रो सर्वसाधारणलाई पनि प्रवेश

Downloaded from http://dhamma.digital

गराइयो, चौथो राजाश्रय पायो, पाँचौं उच्च आदर्श राखियो, छैठौं धर्मलाई संघात्मक बनाइयो, सातौं प्रचारकहरूको योग्यता पूर्वक परिश्रम भयो, आठौं धर्मको सिध्दान्त समयानुकूल गरियो यसरी अरुपनि धेरै कारण भए। त्यसैले यो वर्मा, लंका, भोट, चीन, जापान, जावा, सुमात्रा, श्याम, मंगोलिया, वलख, बुखारा, यूनान सम्म पनि पुग्यो।

यसरी सर्वत्र प्रचार भएको दर्शन कसरी विग्रन थाल्यो यो पनि यहाँ उल्लेख नगरे अपूर्णतानै रहन्छ भन्ने मेरो धारणा छ। भारतबाट प्रसार पाएर भारतमा नामोनिशान यो धर्मको नरहनु यो बडो विश्लेषण गरी अध्ययन गर्नु पर्ने कुरा छ। विवेक गरी केलाएर हेर्दा बुद्धधर्म चिप्लेको चिप्लेटी फेला नपर्ने होइन। आर्य सत्यको व्याख्यागर्न बसेका दार्शनिकहरूले दुःखको वास्तविक साकार आर्थिक कारणलाई पत्ता लगाउन छाडेर मात्र होइन बुझ समेत पचाए। धर्मकीर्ति जस्ता प्रकाण्ड तार्किक दुःखको कारण अलौकिक रूपमा र पुनर्जन्ममा वताउँछन्। जव प्रतीत्यसमुत्पादले सबै पदार्थ विच्छिन्न प्रवाह सिद्धगर्छ अनि अनित्य आत्माले पुनर्जन्म लिन्छ कसरी ? पुनर्जन्मको व्यवस्था कायम गर्ने केले ? बुद्ध धर्म पुनर्जन्ममा विश्वास गर्छ भने अनात्मवाद मानी मानी पनि संस्काराहित क्षणिक आत्मा प्रवाह नित्य मानिएको छ। आलय विज्ञान र प्रवृति विज्ञानको कल्पनालाई तर्क द्वारा प्रमाणित गर्ने भर मौगदूर दिमागी कसरत गर्नु पर्‍यो। पाङ्ग्रोले जति घुमेपनि नाभिलाई छाड्न नसकेझैं जति तार्किक चेष्टा गरेपनि कर्म, पुनर्जन्म र मोक्षको सिद्धान्तलाई बौद्धहरूले ब्राह्मण धर्मबाटै ग्रहण गरेको हो भनी इतिहासकारहरूको ऐकमत्य छ।

Downloaded from http://dhamma.digital

नित्यात्मवादीहरूको पुनर्जन्ममा जति विश्वास थियो त्यो भन्दा बढ्ता बौद्धले पुनर्जन्मलाई प्रश्रयदिए । भौतिकवादीलाई " भस्मीभूतस्यदेहस्य पुनरागमनंकुतः " भन्न कित सजिलो पर्‍यो । कित " नहन्यते हन्यमाने शरीरे " भन्ने अध्यात्मवादी लाई जनता बुझाउन सजिलो पर्‍यो । मध्यममार्गीलाई यो कुरा बुझाउन खोज्दा तर्कको ठूलो आवश्यक पर्ने भयो । बुध्दको भौतिकवाद र अध्यात्मवाद दुबैमा विश्वास छैन । वास्तविक दुःखको कारण पत्तो नलाग्ने शून्यवाद र अनीश्वरवाद देखि आजित भएर उराठिएका भारतीयले श्रद्धा साथ वैदिक धर्मकै पिछा परेको भन्नुपर्छ ।

बुद्ध धर्म महाजन, सामन्त र सम्राटकै आधारमा हुर्के बडेकाले उनीहरूको स्वार्थको विरुद्ध कुनै अंशमा जान सकेन । राजाश्रय छुटेपछि यो पतनोन्मुख हुन थाल्यो । आरम्भिक अवस्थामा दारिद्र्य र दासताको उग्ररूपको समाधान आर्यसत्य मा पाइने आशाले जनता झुम्बियो । ऋणी र दास भिक्षु बन्न आएका थिए, तर महाजन र सामन्तको विरोधी बन्ने खतरा-लाई देखेर बुद्धले घोषणा गरे " ऋणीलाई प्रव्रज्या ( सन्यास ) दिन हुँदैन । भिक्षु हो ! दासलाई प्रव्रज्या दिन हुँदैन " । यो भावको वाक्यांश हेर्नेले महावग्ग १।३।४।८ र १।३।४। ६ मा हेरे हुन्छ ।

मगधराज बिंबिसार बुद्धका अनन्य भक्तराज हुन् । उनका सैनिकहरू युद्धमा जानाको सट्टा भिक्षु बन्नथाले । राजालाई यो खतरा ज्ञात भयो अनि उनले अधिकारीलाई सोधे—सैनिक लाई साधु बनाउने कुन दण्डको भागी हुन्छ ? उत्तर आयो

Downloaded from http://dhamma.digital

" देव ! त्यो ( गुरु ) को शिर काट्नु पर्छ, अनुशासक ( भिक्षु बनाउँदा विधि वाक्य पढ्ने ) को जीब्रो थुत्नुपर्छ औ गण ( संघ ) को कम्मर भाच्नु पर्छ " राजालाई शान्त्वना दिदै बुद्धले घोषित गरे " भिक्षु हो ! राजसैनिकलाई प्रव्रज्या दिन हुँदैन । ' आर्य सत्य ' का प्रवर्तकहरू अलौकिक व्याख्या दुःखवादमा दिन्छन् भने तर्क असहाय भयो । श्रध्दालुले पुनर्जन्म नै मान्नु परे पछि आत्मनित्य मान्नमै सजिलो ठान्यो । यिनको आचारवादमा कर्मकाण्डको छाप वैदिक धर्मकै पर्‍यो । वैदिक देवतामा केही आफ्ना देवता थप्पू मात्रै गरियो । तर आधार थियो त्यही, त्यसैले वैदिक देवताको प्राशस्त्य घटेन । इन्द्र, ब्रह्मा, शिव, विष्णु आदि देवताहरू यिनिहरुमा पूज्य देवता थिए । रामचन्द्र पनि यिनका मर्यादा पुरुषोत्तम नै भएर दशरथ जातक बन्यो । बौद्धहरूको त्यसबेला गृहकर्म या दशकर्म वैदिक अनुशार नै हुन्थ्यो । परन्तु यति साम्य भएर पनि बौद्ध तर्कलाई सर्व प्रधानता दिन्छन् । वैदिकहरू वेदलाई यो अन्तर भने कायम नै रह्यो । तपको कठोर आँचमा नतपेका आत्माहरूले मध्यम मार्ग सुविधाको द्वार बनाए । सरलता सादाजीवनलाई त्यागेर विलासप्रिय बने । विश्वमा धर्म प्रचार गर्ने विहार विलास स्थली बन्यो ।

यसरी विश्लेषण गरी दोष पत्तालगाउनु, तार्किकको ध्येयपट्टि हामीलाई मोड्ने उनै महापुरुष हुन् । उनको वरदान पाएका बुद्धीजीवीले तिनै दोष समाजमा फर्काएर ल्याएको बुध्दलाई मनपर्ने छैन । मूर्तिपूजाको विद्रोह गर्ने बुध्दलाई कमलासनमा राखेर हामीले पूजागर्न छोड्दैनौ । देशकाल परिस्थितिले गर्दा

Downloaded from http://dhamma.digital

सबै परिवर्तन हुन्छन् यसमा कुनै पनि विरोध छैन । समयानुकूल धर्म कर्म समाजमा हुन्छ । समाजले नीतिनिर्धारण गर्छ जुन कुरा त्यही पछि नियमन गर्न समर्थ हुन्छ। कर्तव्य र अधिकारको व्याख्यालाई सनातनीहरूले धर्म नाम दिए। उता बौद्धहरूको धर्म अर्थात विज्ञान ( साइन्स ) को अर्थमा प्रयोग गरिन्छ। जेले गर्दा " ये धर्मा हेतु प्रभवाः " भनी भनेको त्यो अर्थ नगर्दा मिल्दैन। अब ती दिन गए धार्मिक कलहले वैमनस्य उमार्ने। बौद्धहरू यहाँ प्रव्रज्या बडाउने पक्षमा र शैवहरू यहाँ सन्यास फैलाउने ध्येयमा छन् भने म तिनीहरूलाई सावधानी गराउँदछु। कर्मशील युवक युवतीहरूलाई निराश्रयी बनाउँन पाईदैन। बसीबसी खाने समाजको निर्माण गरी गरेको गल्ती दोहऱ्याउने दिन पनि बिते। अब मठाधीशको मठ र भिक्षुहरूको विहारलाई प्रोत्साहन दिने धनीहरू छैनन् । तर यसबेला इशाईहरूले पनि यही सम्झनु पर्छ नेपालमा चर्चको चर्चा उठाउने बेला बित्यो। इश्लाम खतरामा भन्दै पाकिस्तानले समाजको मनोवृत्ति बदलेर मोड्न खोज्दा असमर्थ हुने दिन पनि नजिकमा आइसकेको जस्तो लाग्छ। शक्तिको उपासक नेपाल, अब शून्यवादी बनेर टोलाउँदैन, टोलाउँदैन ।

साँच्चै भनौं भने नेपालले परस्पर धर्मको संमान गर्ने आफ्नै मौलिक परिपाटी लिएको छ । यहाँ शैव र बौद्धको धार्मिक कलह छैन । संप्रदायवादको नग्ननृत्य पनि छैन। यस्तो देशमा धार्मिक कटुता ल्याएर ब्राम्हणवादले बौध्द धर्मको उछित्तो गऱ्यो भन्ने भेद नीतिज्ञ विदेशी सित सावधान हुनुछ। तिनको लैलैमा लाग्नुहुन्न है। नेवार राजको स्वयम्भू र पशुपतिनाथमा गुठ छ। श्री ५ पृथ्वीनारायणले स्वयम्भूमा कान्तिपुर

Downloaded from http://dhamma.digital

विजय पछि गुठ राखेका छन्। यो ऐतिहासिक पृष्ठभूमि महेरी फुट पारी देश कमजोर गराउने ताकमा रहेका यूरोपियनहरूले कहिले एशियालाई भलोगर्ने भावना लिएनन्। सांस्कृतिक दृष्टिबाट हेर्दा एक देवतालाई शैव र बौध्दले भिन्न भावनाले आराधना गरेको छ। जस्तै गोपालेश्वर महादेवमा बोधिसत्वको पूजा, असंभल्कमा अन्नपूर्णाको पूजा, कालरोषणमा संकटाको समाराधना इत्यादि।

विश्ववन्द्य महात्मा बुध्दको उपदेश यही छ "बहुजनहिताय, बहुजनसुखाय" हाम्रो कर्तव्य हुनुपर्छ। हाम्री प्रजातन्त्रको पथमा अग्रेसर भएकाछौं। बुध्ददर्शनको शिलान्यासनै प्रजातन्त्रात्मक ढङ्गले गरिएको छ। यूरोपियन क्रिश्चियन बनी एक धर्मको आडमा छन्। मुसलमानहरू आफ्नो पैगम्बरको नामले एक बन्दछन् र हिन्दूहरू आफ्नो एकता शिवमा पाउँछन् भने विश्वका मानवले एक हुनु पर्दा पाउने व्यक्ति र धर्म आज छ भने यही बुध्द र बौध्दधर्म यही नेपालीले भारतले चीनले एशियाले र विश्वले संझने कुराछ। एकता प्रतीक एशियालीका बुध्दछन्। यो राजनैतिक एकता र प्रेरणाको मूलश्रोत मान्नुछ। यसको महत्वको महत्व पनि यही हो। यदि संत्रस्त विश्वमा विश्वास ल्याउने भए यही पञ्चशीलको आधार बाँकि छ। श्रीनेहरूलाई यो ठम्याउने शक्ति महात्मा गान्धीको आशीर्वादले आयो भने पनि हुन्छ। यहाँ कुनै विवाद गर्ने अवकाश छैन समरा उनै विश्व प्राणका छत्रछाया मुनि बस्न पाउँछन्। आजको यसै चतुर्थ विश्व बौध्द संमेलन नेपालमा हुनु परम आवश्यक थियो। साराले बुध्द नेपाली नै भन्ने संझने भए। विश्वलाई

Downloaded from http://dhamma.digital

वरदान दिने विश्वबन्द्य महात्मा बुध्दले संसारलाई अभय प्रदान गरून् । यही मेरो भगवान् सिध्दार्थ गौतम बुध्दमा प्रार्थना छ । आत्माको धमिलो पखालेर 'बहुजनहिताय, बहुजनसुखाय' पट्टी विश्वनै लागोस् । अस्तु ।

Downloaded from http://dhamma.digital

# नेपालमा बौद्ध धर्म रहनाको रहस्य

जीवनको स्पन्दनमा भावनाका साकार रूपलिएर मस्तिष्कमा फनफनी घुमेका तर्कहरू त्यहीं जमेर जब अस्तित्वको रूपलिन्छ, अनि चेतनको आफ्नो आकार देखापर्छ। तर्कना र कल्पनामा मगन मस्त भएका मानव त्यसलाई महान् संझन्छ जो उसलाई पनि त्यही अधिकार दिएर गिदीका गिर्खामा गति दिने गौरव गराउँछ। त्यसै हुँदा दर्शन र विज्ञान मानबको मस्तिष्कको सर्वोत्तम उपज मान्नु पर्छ । उपनिषद्ले ' मन्तव्यो निदिध्यासितव्यः ' भन्दै मनन र निदिध्यासनमा जोड दिएर दर्शनको पृष्ठभूमि तयार गरायो। तर्कलाई महत्त्वदिने मनुलेत " यस्तर्केणानुसंधाते सधर्मं वेदने तरः " भनी धर्म पनि तर्कानुसंधान द्वारानै प्रतिपाद्य माने। तर दर्शनमा तार्किक आधार मानेर पूर्णता आयो बुद्धावतारमानै, तार्किकहरू बुध्दको यो महावाक्यको हार्दिक स्वागत गर्दछन्—जसले भने—

तापाच्छेदाच्चनिकषात् सुवर्ण मिव पण्डितैः ।
परीक्ष्य भिक्षवो ग्राह्यं मद्वचोनतु गौरवात ॥

अर्थात् भिक्षु हो ! पोलेर, काटेर, कसीमा घोटेर सुवर्ण जाँचेझैं मेरो वचन पनि जाँचबुझ गरी ग्रहण गर । मेरो गौरवले स्वीकारने होइन । दार्शनिकले खरो खोटो बजाएर हेर्नु पर्छ भन्ने यो सार्वजनीन कुरालाई बुध्दले घोषणा गरे । जो दार्शनिक जगत्मा सुरू गरिएको परिपाटीको व्याख्या भयो ।

बुध्दको दार्शनिक अवस्थामा तीन वाद छ, सर्वास्तित्ववाद, विज्ञानमात्रास्तित्ववाद र शून्यत्ववाद । तर तिनै वादको

Downloaded from http://dhamma.digital

मूलभूत सार चाहिं प्रतीत्यसमुत्पादनै हो । जस्तो औपनिषद् ज्ञानमा आत्माको या ब्रह्मको आधारमा सारा अड्दछन। रथको दण्ड अड्ने नाभि जस्तो ब्रह्म हुन्छ, त्यस्तै बुद्धधर्मको मूल नाभि प्रतीत्यसमुत्पादनै हुन्छ। प्रश्नोपनिषद्ले त्यसैले भन्यो "अराइव रथनाभौ कलायस्मिन् प्रतिष्ठिता । फेरि मुण्डकोपनिषद्मा पनि त्यही दृष्टान्त आयो "अराइवरथ नाभो संहता यत्र नाड्यः"। यही दृष्टान्तले अनुप्राणित भएर नाममन्त्रार्था वलोकिनीमा बौध्दले भने—

अरैः संधार्यते नाभिर्नाभौ चारा प्रतिष्ठित ।

प्रतीत्योत्पादयोगाच्च चक्रमेतत्प्रवर्तते ॥ यही प्रतीत्यसमुत्पादको अरूतिर व्याख्या हामो पाउँछौ "यत प्रतीत्य प्राप्यकारणं सपदिसमुत्पद्यते केवलं न चेतयितार मपेक्षते नवाऽय महमेतेनाभिनिर्वतित इति चेतयते"। अर्थात कारण प्राप्त भए पछि केवल उत्पन्न हुन्छन् चेतनको अपेक्षा राख्तैनन् ।

बौद्धहरू हेतु पनि बन्ध र प्रत्ययो पनि बन्ध द्वारा पञ्चस्कन्धात्मक दुःखको उदय मान्दछन्। केवल हेतु द्वारा कार्योत्पाद हुन्छ, हेतु द्वारा बनेका ह्वौं भन्ने कार्यलाई ज्ञान हुँदैन। परस्परको उपकार वाहिर पनि जताउने र बताउने कुरो छैन भनी मान्दछन। यता सर्वास्तित्ववादीहरूले रूपस्कन्धको एघार रूपदिंदा अविज्ञप्ति भन्ने तत्त्व माने जसलाई पुराना दार्शनिक अदृष्ट भनी भन्दथिए। त्यहि वाचिका विज्ञप्ति कर्म, कायिका विज्ञप्ति कर्मको रूपमा विभक्त हुँदा अर्को शब्दमा पुण्य र अपुण्य स्थानीय यो अविज्ञप्ति रहेछ भन्नु पर्छ। अभिधर्मकोश प्रथमाध्यायमा यो वचन छ– यस्मा द्रूपक्रिया

Downloaded from http://dhamma.digital

स्वभावापिसतीविज्ञप्तिवत् परं नविज्ञाय यति तस्माद्विज्ञप्ति-रित्यर्थः ।

भगवान बुद्धको परिनिर्वाण पछि राजगृहको मेला पछि कनिष्कले जालन्धरमा वसुमित्रको अध्यक्षतामा जुन परिषद् गरी एक निर्णयमा पुगे । आफ्नो निर्णयलाई महायान घोषित गर्दै पुरानो केवल आचार प्रधान बौद्ध धर्मलाई हीनयान नाम दिए । त्रिपिटक पनि सूत्रोपदेश विनय विभाषार अभिधर्म विभाषाका नामले संस्कृतमा अनूदित भए । अनि महायानीहरूका अष्टसाहस्री प्रज्ञापारमिता, गण्डव्यूह, दशभूमीश्वर, समाधिराज, लङ्कावतार सूत्रत, सद्धर्म पुण्डरीक, तथागतगुह्यक, ललितविस्तर र सुवर्ण प्रभास नामका धर्म ग्रन्थहरू बने । जुनको भाषा संस्कृत नै गरियो ।

त्यसपछि नीरीश्वरवाद बुद्धलाई सर्वज्ञत्व सिद्ध गर्ने तर्क बौद्धहरू द्वारा प्रस्तुत हुनलाग्यो । शान्तिरक्षित जस्ता दार्शनिकले बुद्धलाई सर्वज्ञ थिए भनी प्रमाणित गरेको श्लोक यही हो—

"साक्षात् कृति विशेषाच्च दोषोनास्ति सवासनः ।
सर्वज्ञत्व मतः सिद्धं सर्वावरण मुक्तितः ॥
( तत्व संग्रहः )

अर्थात् वासनादि दोषहरेर कृति विशेष साक्षात्कार भएपछि सबै आवरण मुक्तिहुँदा सर्वज्ञत्व सिद्धहुन्छ । उता कृतहानिः अकृताभ्यागमा दोषलाई बौद्धहरूले पनि मान्यता दिंदा अनि फेरि पुनर्जन्म पनि प्रतिपादनीय नै हुनगयो । धर्मकीर्ति जस्ता तार्किक सम्मले पनि पुनर्जन्म मानेको हामी प्रमाण वार्तिकमा पाउँछौं ।

Downloaded from http://dhamma.digital

पुण्यापुण्य, पुनर्जन्म, सर्बज्ञत्वादि तत्वहरूनै वौद्धहरूको आधारवादलाई उपासना र कर्मकाण्ड तिर लैजाने द्वार हुन-गयो। यहीनै आजको नेपालको बौद्धधर्मको बाँकिरहेको पृष्ठ भूमि भनी विश्लेषण गर्दा देखापर्छ। उपासना र कर्मको संमिश्रण हुँदै वज्रयानको रूप देखापर्छ। "शून्यता वज्रमित्युक्तम्" भन्ने बौद्धहरू "साधु वज्रधर श्री मान् साधुते वज्रपाणय" भन्ने भए। द्वादश तथागत भूमिमा एक बज्रप्रभा भूमि सम्म पनि मानिन थालियो। त्यसको उल्लेखमा भनिएको छ।

वज्रप्रभातु या भूमि चतुर्थी सा मनोरमा ।
तदाध्यासय योगेन वज्रेति परिकल्प्यते ॥

( वज्रमण्डलाकार तन्त्र )

बज्र शून्यहोस् या इन्द्रको हातको हतियारलाई मान्यता दिइएको होस् अथवा वज्रयानको कर्मकाण्डमा साथ लिइने साधन। त्यसको बिमर्श गर्ने मेरो ध्येय छैन। त्यस तन्त्रको यथार्थ रूप बुझ्नेहरूले, हे बज्रतन्त्र, वज्रमण्डलाकारतन्त्र, वज्रपाण्य-भिषेकतन्त्र, वज्रभैरबतन्त्र, वज्रलेखतन्त्र, वज्रकापालतन्त्र, बज्र-डाकिनीतन्त्र, वज्रशेखरतन्त्र इत्यादिमा यसको राम्ररी व्याख्या गरिएयो पाउने छन। वज्रसम्बन्धित शब्दलाई लिएर राहुल जी द्वारा वज्रयान शब्दको प्रसार बढ्ता भएको भन्ने लाग्छ। यो कर्मकाण्ड प्रधान वज्रयान नेपालबाट भोट पसेको भन्नामा अत्युक्ति होवैन। नेपालमा पनि मगधवाट यसको रूप प्रस्तुत गरि पठाएको हो। अंशुवर्माले भृकुटीलाई मात्र भोटमा पठाएनन् यहाँको कला कौशल र धर्म कर्म पनि साथै फैलाउने प्रतिनिधिको रूपमा पठाए। भारतमा जानकीको जुन स्थान छ सोही

Downloaded from http://dhamma.digital

भृकुटीको भीटमा स्थानछ । वृद्धावस्थामा नेपालकै बाटोगरि शान्तिरक्षित तिब्बतगएका हुन । यिनै आचार्य हुन बुद्धको सर्वज्ञत्व प्रतिपादन गर्ने ।

बौद्ध धर्मको मूल प्रतिपाद्य विषय जब महायानमा आएर संप्रदायक रूपलिन लागेको थियो नेपालले त्यही केलाएर आत्मसात् गरी आफ्नो बौद्ध धर्मको अस्तित्व जोगायो । भारत बाट बीदा भएको बौद्ध धर्म नेपालमा आजसम्म जो रहि रहेकोछ । त्यसको विश्लेषण विदेशी विद्वान्हरू बाट पनि प्रशस्त भएकोछ । तर तिनिहरूसित नमिल्ने मेरो आफ्नै मौलिक मत छ । "सर्वेधर्माः राजधर्मे प्रविष्टाः" भन्ने सिद्धान्तको म समर्थक भएर पनि त्यसको महत्त्व मात्रै भन्ने पक्षको छैन । यदि नेपाल पर्वतशृङ्खला भित्रबाट प्रकृतिले सुरक्षित नराखेको भएपनि यहाँ थोरै परिवर्तन आउँद थियो । गिरिदुर्गले गर्दा नेपाललाई सहजै हत्याउने आँट कसैले गर्न सकेन उता हिमालय पारी बाट चीनले यसलाई गुरुदेश नै सम्झी राखेकैछ । यहाँका शूरवीरहरूले एशियामा नेपाललाई स्वतन्त्र नै राखिछाडे । शैव र बौद्ध धर्मको परस्परमा सांस्कृतिक आदान प्रदान भइनै रह्यो । हुनत आज हामी मञ्जुश्रीलाई श्रीपञ्चमीका दिन दर्शन गर्न स्वयंभू जान्छौं तर त्यसबेला दुवै थरिको श्रद्धा एकीकरण हुन कति गाह्रो पऱ्यो होला । आज बौद्धहरूलाई शारदीय नवरात्रि पूजामा शक्तिका पूर्ण उपासक हामी देख्लैछौं त्यसबेला शून्यवादीले शक्तिपीठमा जान कति सामञ्जस्य कायम राख्नु पऱ्यो होला । मञ्जुश्री लाई चीन र नेपाल आफ्ना आफ्ना ग्रन्थमा स्वदेशका सुपुत्र बनाउने कोशिसमा छदैछन् ।

Downloaded from http://dhamma.digital

पुनर्जन्म सित नैरात्म्यबाद तार्किक दृष्टिकोणमा सामञ्जस्य राख्न सकिंदैन। जब आत्मा या कुनै पदार्थ नित्य छैनन् सबै क्षणिकम्, क्षणिकम् बौद्धहरू मान्दछन् त्यसबेला पुनर्जन्म लिने कुरानै रहँदैन। हुनत बौद्धहरुले आलय र प्रवृत्ति बिज्ञानको प्रवाह नित्यता माने तर त्यो प्रतीत्यसमुत्पादको सिद्धान्त-लाई टेवा दिन सक्तैन। आत्मनित्यत्ववादीले यही चिप्लेटीमा चिप्लाएपछि बौद्धहरूले साकारवाद मूर्ति पूजा प्रणालीलाई आफ्नो रूपदिन थाले। तर निराकार शून्यवादका अवतार बुद्धको जति प्रतिमा बने त्यति सायद !!! शिवजीका बनेनन्। अनि क्रमशः अर्चना चल्यो।

नेपालका बौद्ध र शैव तान्त्रिकहरूको पूजामा मिश्रित रूप पाइन्छ। नेपाली बौद्धको सारा कर्मकाण्ड संस्कृत भाषामै निर्माण गरियो। नैरात्म्यवादीहरू श्रद्धाका वशीभूत भएर श्राद्धगर्दा "स्वधा" शब्दलाई नै अपनाए। धर्मको बीज श्रद्धाको क्षेत्रमा मौलाउँछ भन्ने रहस्य नेपाली बौद्धहरूले बुझे रप्रसैले सनातनीसित यिनीहरुको साधर्म्य कायम रही शक्तिका उपासक बने। सुरथवज्र, लीलावज्र, वाग्वज्र आदि गरिएका नेपालका बौद्ध कर्मकाण्डीहरूले करीब तीनशय वर्ष अगि देशकाल परिस्थिति सुहाउदो प्रक्रिया निर्माण गरी बौद्ध धर्मको नेपालमा अस्तित्व बचाएकोमा हाम ले उनीहरुको ठूलो ऋण स्वीकारनु पर्छ।

नेपालको बागडोर प्रायः सनातनी राजाकै हात रहेको छता पनि यहाँका राजाहरुले धार्मिक झगडा देशमा उठ्न दिएनन्। राजा र प्रजामा सान्निध्य धार्मिक प्रथामा पनि

Downloaded from http://dhamma.digital

रहिरहेको छ। सनातनीहरुले शक्तिको उपासनामा कुमारीको पूजा गर्दा शाक्यकी छोरीलाई देवताका रूपमा यात्रा चलाएको र राजा सम्म पनि कुमारीयात्रामा सामेल भएका छन्। उता 'सम्यक पूजा' गर्दा बौद्धहरु राजालाई सर्वप्रथम अर्चना गर्दछन्। यसरी परस्परको समन्वय गरी बौद्ध र शैव नङमासु झैं मिलेर बसेका छौं।

विशाल नेपालमा बौद्ध धर्म नाम मात्रको छतापनि यस्को संरक्षण राष्ट्रले महत्वपूर्ण संझि जोगाइ राखेको छ। यता तराइमा, उता पर्वत प्रान्तमा बौद्ध धर्मको अस्तित्व छैन। हुनत उत्तरीय पर्वतीय प्रान्तका लामाहरूको धर्म यही बौद्ध धर्मको पृष्ठभूमिमा छ, तथापि क्रियाकलापमा सामञ्जस्य छैन। 'ग्यांङ' गर्ने प्रथासित गुभाजूहरूको समन्वय कर्मकाण्डमा छैन। त्यसैले खालि उपत्यकाञ्चलमा पनि आधा भन्दा कम नेवार जातिमा रहेको यस बौद्ध मतलाई अलि बढ्‌तानै आज भोलि महत्व दिइंदै छ भन्नामा अत्युक्ति हुँदैन। हाम्रो राष्ट्रिय पर्वपनि शैव र बौद्धले स्वीकृत रूपमा पाउँछौं। यहाँ तेरो मेरो भन्ने सांप्रदायिक कलह छैन। दशैं, दीपावलि आदि चाहाड व्यापक रुपमा देशभर मानिन्छे।

नेपाल शक्ति प्रधान पीठ छ। यहाँ शून्यवादी बौद्धहरुले पनि बौद्ध देवतामा वलिनिषिध्द भएता पनि अंकों वलिपीठ खडा गराएको छ। जस्तै महाकालमा तलतिरको देवतामा वलि हुन्छ, वज्रयोगिनीमा पनि तलतिर महाकाल खडागरी वलि हुन्छ। यता बौध्द देवताका पूजक गुभाजू, ज्यापूहरू र उता शैव देवताका पूजकहरू ब्राह्मण आचाजूहरू छन्। परस्परमा

Downloaded from http://dhamma.digital

विरोधको कुरान छँदैछैन। झन् यी परस्पर देवताका आराधना समेत गर्दछन्। कहिं कहिंत एक देवतामा दुइ थरीले दोहोरा भावनाले पूजा गरेको पनि प्रशस्त पाइन्छ। जस्तै पशुपतिनाथलाई आर्यावलोकितेश्वर, अशंभलुलाई अन्नपूर्णा, कालरोषण भैरवमा संकटा, गोपालेश्वरलाई बोधिसत्त्व र मञ्जुश्रीलाई सरस्वती इत्यादि इत्यादि। नेपालको बौध्द धर्म संसारले संम्झयो भने शैव र बौध्द धर्मको भिन्नता केवल आफ्नो अस्तित्वको निम्ति मात्रै भिन्न छन्। मत्स्येन्द्रनाथलाई सेता र राता बनाएर दुवैले धूमधामको यात्रा गरि मानेको देखिन्छ। वास्तवमा दुवै एकै ईश्वरमा विश्वास राख्त छन् भन्ने धारणा गरे हुन्छ।

नेपालका बौध्दले निराकारवाद दार्शनिक अवस्था मै सीमित गरी यदि शक्तिको आराधना परिपाटी मानी मूर्ति पूजा नगरेको भए नेपाल कोरा शून्यवादमा आज सम्म टिकेर रहँदैन थियो। बौध्दको सिध्दान्त नैरात्म्यवाद भनी यहाँका नेपाली बौध्दले वैदिक श्राध्द परिपाटी नअँगालेका भए अडने धार्मिक आधार शून्य हुन्थ्यो। नेपालका बौध्दका शैव धर्म सित सापटी लिएका भावना फिर्ता गर्ने परिस्थिति कुनै बौध्द धर्मको नेतृत्व गर्नेले पारेमा या त्यसतो कुचेष्टा गर्ने आडम्बर गरेमा पनि ठूलो नोक्सानी व्यहोरनु पर्ने छ र आफ्नो अस्तित्व नै ड़ाँवाडोल हुने संभावना सम्झेर मलाई विह्वल गराउँछ। चीन, वर्मा, लङ्का बौध्दिक नाताले आफ्नो संझिएता पनि नेपालका बौध्दको शैवहरूसित जुन घनिष्ठ सम्बन्ध छ त्यो अविभाज्य तादात्म्य संबन्ध भन्ने मेरो धारणा

Downloaded from http://dhamma.digital

छ । यहाँ सांस्कृतिक एकताको माध्यम संस्कृत भाषालाई पर पन्छाएर सिलोनको पालीकै पिछ् हुने धार्मिक प्रक्रिया आयो भने या ल्याइयो भने आफ्ना पुर्खाको त्यस्तो बुध्दिमत्तापूर्ण व्यवहारलाई बरबादै गरेको सम्झिए हुन्छ ।

नेपालमा सामाजिक व्यवहार पनि अज संमिश्रित रूपमा कहिं कहिं देखापर्दछ । ठमेलका प्रधान बौध्द र काठमाडौं का प्रधान शैव छन्‌ता पनि दुवै थरिमा रोटी बेटी व्यवहार परस्परमा चलि आएको पाईंदैछ । बौध्द धर्ममा जाति भेदलाई लिएर व्यवस्था मानेका चाण्डाललाई कौल सम्प्रदायमा आएका शाक्त तान्त्रिकहरुले स्वीकारेर देवपाल बनाई पोडेलाई थपालाको रुपमा स्थान दिएको छ । भद्रकालीमा आचाजू पुजारी भएर पनि पिशाच चतुर्दशीमा गुभाजू पुजारी हुन्छन । भद्रकाली, इन्द्रायणी, कङ्केश्वरी आदि पीठमा अछूत प्रवेश निषिध्द गरिएको मात्रै नभई संरक्षकका रूपमा राखिएका छन्‌ । कुशले प्रवेश गराएर बाद्य वादक प्रायः तिनैलाई देवस्थलमा गराएको छ । नेपालमा देवमन्दिरमा अछूत प्रवेशको निषेध सीमित क्षेत्रमात्र राखिएको हुँदा यसमा सांप्रदायिक कलह मचाएर रडाको गर्ने बेला पनि छैन । यहाँ बौध्दमा भन्‌ । जाति पातिको व्यवस्था छ ।

हुनत बुध्दकै पालामा पनि विष्णु, शिव, इन्द्रादि देवता पूज्य थिए । ब्राह्मण धर्मकै आधारमा कर्मकाण्ड चलेको थियो भनी इतिहासकारहरू भन्दछन्‌ । तर भारतमा विलास केन्द्र बनी पछि विहारमा मात्रै सीमित बौध्द धर्म रह्यो र निकम्बा शून्यवाद सावित भयो विदेशी आक्रमण द्वारा । नेपालले

Downloaded from http://dhamma.digital

भने आफ्नो बौध्द मतलाई शक्तिको साहचर्य्य गराएर टिकायो। श्री ५ पृथ्वीनारायणले फैलिन लागेको क्रिश्चियन धर्मलाई रोकेर बौध्द धर्मको संमान दर्शाएको स्वयंभूको गुठ बाट स्पष्ट देखा पर्छ। यता पशुपतिनाथ र स्वयंभुनाथलाई हामीले श्रध्दा गरेका छौं। तिवती, चीनीया, वर्मीहरू कपिलबस्तु जाउन् उता भारतीयहरू पशुपतिनाथ, जनकपुर धाउन्। हाम्रो दुवै सांस्कृतिक कर्ममा पुरानै श्रध्दा कायम रहोस् । शैवहरुलाइ गिराउने र बौध्दहरुलाई विगारने ध्येय आउनु हुँदैन।

आज बौद्ध धर्म एशियालीहरूको समन्वयको साधन भएकोत अर्कै रहस्यको कुरा छ । त्यो हो एशियालीहरूले एकताको सूत्रमा बाधिने मेयोको रूपमा देखिएका महात्मा बुद्ध । साम्यताको पनि सीमा हुन्छ, पूजाआजाको पनि आफ्नै परिपाटी हुन्छ। चीन, भोट, जापान, वर्माका भक्ष्य सवै नेपाली बौद्धले फुकाउने कुरा गर्नु पर्दैन । मणिपुरे पद्धति पूजामा जोड्नु पनि पर्दैन। नेपाली बौद्धहरूको नशा नशामा भिजेको स्वदेशको भावनालाई कसैले वाहिरी राज-नैतिक दाउपेचमा मोड्न खोज्दैमा मोडिएला भन्ने मलाइ लाग्दैन। विश्वका बौद्धहरूको पुण्यभूमि नेपालमा बौद्ध धर्म रहि रहोस् भन्ने सम्झने वौद्ध धर्मका अनन्य भक्तले या नेतृत्वगर्नेहरूले नेपालको संस्कृतिको ख्याल राखी शैव धर्मा-वलम्बीसित अझ घनिष्ठता वडाउनामा सहायता गरून् । फुट पैदा गराई देश कमजोर गरी हत्याउने दिनवित्यो। नेपाल स्वतन्त्र छ, उसको सार्वभौमत्व राष्ट्रसंघले समेत मानिसक्यो। पुराना पुर्खाको बुद्धिमत्तापूर्ण व्यवहारलेनै नेपालमा बौद्ध

Downloaded from http://dhamma.digital

धर्म रहनाको रहस्य देखें। उनैको पद पङ्क्तिको शैव र बौद्धले अनुसरण गरे दुवैको कल्याण छ। अरुसित हामीले सिक्क सानु पर्दैन। अस्तु

Downloaded from http://dhamma.digital

मूल्य । ७५

Downloaded from http://dhamma.digital